वर्ष २० | अंक ६९ | काठमाडौं | शुक्रवार, १४ मङ्सिर २०८१ | Friday, 29 November 2024 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

NEW BUSINESS AGE LTD.

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

एनपीएलका प्रत्येक चौकामा विद्यार्थीलाई एनसेल फाउन्डेसनको शैक्षिक सामग्री २

कर र महशुलका दर घटाउनु स्वागतयोग्य ३

प्रधानमन्त्रीको चीन भ्रमणमा विवाद ४

साना किसान लाभान्वित हुनेगरी बीमा कार्यक्रम कार्यान्वयन ८



घर बिक्रिमा

बालकोट चोक नजिक ७ आनामा बनेको घर बिक्रिमा ।

सम्पर्क नं. ९८१३०४४११८

# गोर्खा ब्रुअरीमा झन्डै शतप्रतिशत शेयर कायम गर्न कार्ल्सबर्गलाई अनुमति

**खेतान समूहको झन्डै १० प्रतिशत शेयर खरीद गर्न कार्ल्सबर्गलाई अनुमति दिएपछि उक्त कम्पनीमा काल्सबर्गको शेयर ९९ दशमलव ९४ प्रतिशत पुगेको छ**

**हिमा बि.क**

काठमाडौं

खेतान समूहको गोर्खा ब्रुअरी लिमिटेडमा रहेको ९ दशमलव ९४ प्रतिशत शेयर खरीद गर्न डेनमार्कस्थित बहुराष्ट्रिय कम्पनी कार्ल्सबर्गलाई उद्योग विभागले स्वीकृति प्रदान गरेको छ ।

गत साउनमा नेपालको गोर्खा ब्रुअरी लिमिटेडमा आफ्नो ९० प्रतिशत शेयर स्वामित्व रहेको र बाँकी १० प्रतिशतमध्ये ९ दशमलव ९४ प्रतिशत शेयर खरीद गर्ने सम्झौता भएको पनि कार्ल्सबर्गले घोषणा गरेको थियो ।

बाँकी १ प्रतिशतभन्दा कम शेयर अन्य नेपाली व्यवसायीको नाममा छ । त्यसबेला कार्ल्सबर्गले यो सम्झौताअनुसार शेयर किनबेचका लागि नेपाल सरकारबाट स्वीकृति लिन बाँकी रहेको बताएको थियो ।

उद्योग विभाग र नेपाल राष्ट्र बैंक सम्बद्ध तीन उच्च अधिकारीहरूले कार्ल्सबर्गले यस्तो स्वीकृति प्राप्त गरेको आर्थिक अभियानलाई बताए । 'कार्ल्सबर्गले विगतमा नेपालमा फिर्ता नलगेको लाभांशबाट खेतान समूहको शेयर खरीद गरेको हो,' विभाग स्रोतले भन्यो, 'कार्ल्सबर्गलाई उक्त लाभांश नै नेपालमा पुनः लगानी गर्न अनुमति दिइएको हो ।'

विभागका ती अधिकारीले कार्ल्सबर्गले विगत केही वर्षदेखि नेपालबाट लाभांश विदेश नलगेको जानकारी दिए । राष्ट्र बैंक स्रोतका अनुसार ४ अर्ब रुपैयाँभन्दा बढीमा कार्ल्सबर्गले खेतान समूहको शेयर खरीद गरेको हो ।

उक्त शेयर खरीद गरेपछि गोर्खा ब्रुअरीमा कार्ल्सबर्गको झन्डै शतप्रतिशत शेयर कायम भएको छ । खेतान समूहको शेयर खरीद गरेपछि कार्ल्सबर्गले फिर्ता लैजान सक्ने लाभांश नेपालमै रोकिएको छ । 'तर, भविष्यमा झन्डै शतप्रतिशतकै लाभांश बाहिर लैजान कार्ल्सबर्गले पाउनेछ,' राष्ट्र बैंक स्रोतले भन्यो । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनले विदेशी लगानी तथा विदेशी लगानीमा चलेका कम्पनीको पुनः लगानीलाई पनि विदेशी लगानीकै मान्यता दिन्छ ।

उद्योग विभागका अनुसार नेपालका सम्बद्ध नियामक निकायबाट शेयर किनबेच गर्नेले त्यस्तो कार्यका लागि स्वीकृति लिन निवेदन दिनुपर्छ । विदेशमा किनबेच गरेको भए १ महीनाभित्र अभिलेखका लागि निवेदन दिनुपर्छ । शेयर किनबेचको निर्णय भएपछि कार्ल्सबर्ग र खेतान समूहले स्वीकृतिका लागि उद्योग विभागमा निवेदन दिएका थिए ।

सिंगापुरस्थित कम्पनी कार्ल्सबर्ग (सिंगापुर) होल्डिङ पीटीई लिमिटेडले दक्षिण एशियाको लागि खोलेको कम्पनी कार्ल्सबर्ग साउथ एशिया पीटीई लिमिटेडमा रहेको खेतान समूहको ३३ दशमलव ३३ प्रतिशत शेयर पनि खरीद गरेको घोषणा कार्ल्सबर्गले गरेको थियो । यससँगै कार्ल्सबर्ग साउथ एशियामा पनि काल्सबर्गको शतप्रतिशत शेयर कायम भएको छ । शेयरको किनबेच सकिनेबित्तिकै कार्ल्सबर्गको कार्ल्सबर्ग साउथ एशियामा शतप्रतिशत र नेपालको गोर्खा ब्रुअरीमा ९९ दशमलव ९४ प्रतिशत शेयर स्वामित्व रहने कार्ल्सबर्गले विज्ञप्तिमा बताएको थियो ।

प्रस्तावित कारोबारको कुल खरीद मूल्य ७४ करोड ४० लाख अमेरिकी डलर (करीब १ खर्ब रुपैयाँ) छ । उक्त कारोबार सन् २०२४ को चौथो त्रैमाससम्म सम्पन्न गरिसक्ने कार्ल्सबर्गले जानकारी दिएको छ ।

गोर्खा ब्रुअरीले नेपालमा कार्ल्सबर्ग, टुबोर्ग र सानमिगल जस्ता लोकप्रिय ब्रान्डका बियर उत्पादन गर्दै आएको छ ।

# करीब डेढ अर्ब लगानी गरेर वर्ल्डलिंकमा भित्रियो फिनफन्ड

**अभियान संवाददाता**

काठमाडौं

इन्टरनेट सेवाप्रदायक वर्ल्डलिंक कम्युनिकेसन्स लिमिटेडमा फिनल्यान्डको सरकारी लगानीकर्ता कम्पनी फिनफन्डले १ करोड युरो (करीब १ अर्ब ४२ करोड रूपैयाँ) लगानी गरेको छ ।

बिहीवार आयोजित एक कार्यक्रममा फिनल्यान्डका वैदेशिक व्यापार तथा विकासमन्त्री भीले टचाभियोको उपस्थितिमा वर्ल्डलिंकका प्रबन्ध निर्देशक दिलीप अग्रवाल र फिनफन्डका वरिष्ठ लगानी प्रबन्धक एवं डिजिटल इन्फ्रास्ट्रक्चर र समाधान पोर्टफोलियो प्रमुख कुट्टी किल्पेलाइनेनले लगानी सम्झौतामा हस्ताक्षर गरे । वर्ल्डलिंकको विद्यमान फाइबर नेटवर्क विस्तार तथा विश्वस्तरीय पहिलो 'टायर ३' डेटा सेन्टर सञ्चालनका लागि फिनफन्डले यो लगानी गरेको हो ।

'नेपालको आधा जनसंख्या अझै ब्रोडब्यान्ड इन्टरनेटको पहुँचबाट बाहिर छ र शहरी र ग्रामीण भेगबीचमा पहुँचमा विभेद छ,' फिनफन्डले आफ्नो विज्ञप्तिमा भनेको छ, 'विश्वस्तरको डेटा सेन्टरले नेपालको कनेक्टिभिटी सुधार गर्नेछ र आर्थिक विकासमा योगदान दिनेछ ।'

हस्ताक्षर समारोहमा किल्पेलाइनेनले भने, 'वर्ल्डलिंकले नेपालका ग्रामीण क्षेत्र र दुर्गम गाउँहरूमा सेवा विस्तार गरेर डिजिटल विभाजन घटाउन काम गरिरहेको छ । फिनफन्डको लगानीले ती समुदायलाई छिटो, किफायती र भरपर्दो इन्टरनेट उपलब्ध गराउने लक्ष्य राखेको छ ।' फिनिस लगानीकर्ताका रूपमा आफूहरूले वर्ल्डलिंकको इन्टरनेट सेवा विस्तारमा नोकियाको उन्नत प्रविधि प्रयोगलाई महत्त्व दिने पनि उनले बताए ।

फिनल्यान्डको प्रविधि तथा उपकरण निर्माता नोकिया र वर्ल्डलिंकको सहकार्यले वर्ल्डलिंकका ग्राहकका लागि समग्र इन्टरनेट अनुभवलाई अझ भरपर्दो, तीव्र गतिको र थप विश्वसनीय बनाउने लक्ष्य राखिएको छ ।

किल्पेलाइनेनले फिन्को प्रभाव लगानीकर्ताका रूपमा इन्टरनेट सेवाको गुणस्तर बढाउन फिनफन्डले वर्ल्डलिंक र नोकियाको सहकार्यलाई उच्च महत्त्व दिएको बताए ।

'डेटा सेन्टरको विस्तारले वर्ल्डलिंकका ग्राहक मात्र नभई अन्य इन्टरनेट सेवाप्रदायक, टेलिकम र सार्वजनिक तथा निजीक्षेत्रका संस्थालाई पनि फाइदा हुने फिनफन्डले बताएको छ । 'फिनफन्ड डेटा सेन्टर निर्माणको क्रममा वातावरणीय र सामाजिक जोखिम व्यवस्थापनमा वर्ल्डलिंकलाई सहयोग गर्न तत्पर छ,' किल्पेलाइनेनले अगाडि भने ।

» बाँकी पृष्ठ ५ मा

## तेस्रो मोबाइल अपरेटर बन्न वर्ल्डलिंक तयार

**अभियान संवाददाता**

काठमाडौं




नेपालको दूरसञ्चार क्षेत्रमा तेस्रो मोबाइल अपरेटर बन्न आफू तयार भएको वर्ल्डलिंकले बताएको छ ।

अहिले बहुमत सरकारी शेयर रहेको नेपाल टेलिकम र निजीक्षेत्रबाट सञ्चालित एनसेलले नेपालमा मोबाइल सेवा दिइरहेका छन् । निजीक्षेत्रमा सेवाप्रदायक एउटामात्रै हुँदा प्रतिस्पर्धा कम भएको भन्दै नेपालमा तेस्रो सेवाप्रदायकको खोजी भइरहेका बेला वर्ल्डलिंकले दूरसञ्चार क्षेत्रमा समेत आउने चाहना व्यक्त गरेको हो ।

इन्टरनेटमा ठूलो विदेशी लगानी भित्र्याउन सफल वर्ल्डलिंकले बिहीवार फिनफन्डसँग सम्झौतापछिको अनौपचारिक कुराकानीमा कम्पनीका वर्ल्डलिंकका अध्यक्ष दिलीप अग्रवालले आफूहरू तेस्रो टेलिकम अपरेटरका रूपमा आउन तयार रहेको बताए ।

टेलिकम चलाउन आवश्यक स्रोत र शीप आफूहरूसँग रहेको भन्दै वर्ल्डलिंक तेस्रो अपरेटरका रूपमा अघि आउन चाहेको उनको भनाइ छ । 'हामी पनि मोबाइल सेवा दिन तयार छौं । पाउँछौं/पाउँदैनौं त्यो त हाम्रो हातमा छैन,' अग्रवालले भने । इन्टरनेटमा सफल वर्ल्डलिंक मोबाइल सेवामा समेत सफल हुने उनको दाबी छ ।

सरकारले तेस्रो मोबाइल अपरेटर ल्याउने तयारीसमेत गरिरहँदा उनको यो भनाइलाई अर्थपूर्ण हिसाबले हेरिएको छ ।


त्यसो त, केही समयअघि नेपाल दूरसञ्चार प्राधिकरणले यस सम्बन्धमा एउटा अध्ययन समिति नै बनाएको थियो । प्राधिकरणका निर्देशक अम्बर स्थापितको संयोजकत्वमा गठित समितिले अध्ययनको कामलाई तीव्र पारिरहेको छ । समितिले तेस्रो कम्पनी ल्याउने गरी प्रतिवेदन बनाउन थालिसकेको उच्च स्रोत बतायो ।

## २० रुपैयाँ बढाएर उखुको मूल्य तोकियो


काठमाडौं (अस) । सरकारले गतवर्षको तुलनामा २० रुपैयाँ बढाएर उखुको समर्थन मूल्य तोकेको छ । मन्त्रिपरिषद्को बिहीवारको बैठकले चिनी मिलहरूले किसानलाई उपलब्ध गराउने उखुको मूल्य प्रतिक्विन्टल २० रुपैयाँ बढाएको हो । यसअनुसार अब किसानले चिनी मिलबाट प्रतिक्विन्टल ५८५ रुपैयाँ पाउनेछन् ।

सरकारले उखु किसानलाई दिने अनुदानबारे भने निर्णय हुन बाँकी छ । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले उखु किसानलाई अनुदानबापत दिने रकम वृद्धि गर्नुपर्ने प्रस्ताव गरेका छन् । तर, मुलुकको आर्थिक अवस्थालाई समेत ख्याल गरी अनुदानबापत दिने रकम पछि तोक्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । यसअघि सरकारले किसानलाई उखुमा प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान दिएको थियो ।


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




**बक्यौता महशुल नतिर्नेको खाता रोक्का गर्न विद्युत् प्राधिकरणको चिठी**

# खाता रोक्का गर्न राष्ट्र बैंकले कानूनी आधार हेर्ने

**प्रशान्त खड्का**

काठमाडौं

नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनको बक्यौता नतिर्ने उद्योगीको बैंक खाता रोक्न नेपाल राष्ट्र बैंकलाई पत्राचार गरेपछि केन्द्रीय बैंकले कानूनी आधार हेरेर यसमा निर्णय गर्ने बताएको छ ।

राष्ट्र बैंकले जारी गरेको बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१ मा प्रचलित कानूनबमोजिम कुनै कसुरको अनुसन्धानको सिलसिलामा अधिकारप्राप्त अधिकारीले राष्ट्र बैंकसमक्ष खाता रोक्का वा फुकुवाका लागि अनुरोध गर्नुपर्ने प्रावधान छ ।

नेपाल राष्ट्र बैंकको खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१ मा प्रचलित कानूनको अधीनमा रही कुनै इजाजतपत्रप्राप्त संस्थामा रहेको खाता रोक्का गर्न अधिकारप्राप्त अधिकारीले उक्त कानूनको व्यवस्था स्पष्ट उल्लेख गरी विनियममा उल्लिखित विवरण खुलाई राष्ट्र बैंकसमक्ष लिखित रूपमा अनुरोध गरेमा राष्ट्र बैंकले इजाजतपत्रप्राप्त संस्थालाई अविलम्ब खाता रोक्का गर्न निर्देशन दिने उल्लेख छ ।

कसुरको अनुसन्धान तथा तहकिकात गर्न प्रचलित कानूनबमोजिम तोकिएको अधिकारप्राप्त अधिकारीलाई अधिकारप्राप्त अधिकारी भनी विनियमावलीमा उल्लेख गरिएको छ । विद्युत् प्राधिकरणले भने सरकारी बाँकीसरह बक्यौता उठाउने भनी राष्ट्र बैंकलाई खाता बन्द गरिदिन बुधवार चिठी पठाएको हो ।

'चिठी गभर्नर कार्यालयमा प्राप्त भएको छ,' राष्ट्र बैंकका एक उच्च अधिकारीले भने । ' बैंक खाता रोक्का तथा फुकुवासम्बन्धी विनियमावली, २०८१ का प्रावधान पूरा गरेर खाता रोक्का गर्न अनुरोध आएको छ भने राष्ट्र बैंकले खाता रोक्का गरिदिन्छ ।'

### यसरी रोक्का हुन्छ खाता

- कसुर अनुसन्धानको सिलसिलामा अधिकारप्राप्त अधिकारीले राष्ट्र बैंकसमक्ष अनुरोध गर्नुपर्ने
- खाता रोक्का गर्नुपर्ने पक्ष कानूनी व्यक्ति भए खाता रोक्का गर्नुको स्पष्ट कारण र फर्म, कम्पनी तथा संस्थाको खाता रोक्का गर्नुपर्दा खातावालाको आधिकारिक नाम, ठेगाना, दर्ता नम्बर र स्थायी लेखा नम्बर सहीत राष्ट्र बैंकलाई पत्राचार गर्नुपर्ने
- निश्चित खाता मात्र रोक्का राख्नुपर्ने अवस्थामा रोक्का राख्नुपर्ने खाताको खाता नम्बर र खाता रहेको बैंकको विवरण उपलब्ध गराउनुपर्ने
- अधिकारप्राप्त अधिकारीबाहेकका अन्य व्यक्तिबाट आएका पत्रका आधारमा खाता रोक्कासम्बन्धी प्रक्रिया अघि बढाउन राष्ट्र बैंक बाध्य नहुने

उनका अनुसार उक्त प्रावधान पूरा गरेको छैन भने खाता रोक्का गर्न राष्ट्र बैंकलाई गाह्रो हुन्छ । 'मानिसको सम्पत्तिमाथिको अधिकार राष्ट्र बैंकले त्यसै हरण गर्न मिल्दैन,' उनले भने ।

उक्त विनियमावलीअनुसार खाता रोक्का गर्नुपर्ने पक्ष कानूनी व्यक्ति भएमा खाता रोक्का गर्नुको स्पष्ट कारण र फर्म, कम्पनी तथा संस्थाको खाता रोक्का गर्नुपर्दा खातावालाको आधिकारिक नाम, ठेगाना, दर्ता नम्बर र स्थायी लेखा नम्बर सहीत राष्ट्र बैंकलाई पत्राचार गर्नुपर्छ ।

कुनै निश्चित खाता मात्र रोक्का राख्नुपर्ने अवस्थामा रोक्का राख्नुपर्ने खाताको खाता नम्बर र खाता रहेको बैंकको विवरण उपलब्ध गराउनुपर्छ । आंशिक खाता रोक्का राख्नुपर्ने भएमा रोक्का राख्नुपर्ने खाताको खाता नम्बर, रोक्का राख्नुपर्ने रकम अक्षर र अंकमा लेखी खाता रहेको बैंकको विवरण उपलब्ध गराउनुपर्छ ।

खाता रोक्नुपर्ने पक्ष प्राकृतिक व्यक्ति भएमा खाता रोक्का गर्नुको स्पष्ट कारणसहित खातावालाको नागरिकता, पासपोर्ट, राष्ट्रिय परिचयपत्र वा अन्य यस्तै प्रकारको नेपाल सरकारले जारी गरेको निजको स्पष्ट परिचय खुल्ने आधिकारिक विवरण तथा निजको तीनपुस्ते विवरण उपलब्ध गराउनुपर्छ ।

तर, प्रचलित कानूनमा खाता रोक्का गर्नेसम्बन्धी स्पष्ट व्यवस्था नभएको अवस्थामा वा अधिकारप्राप्त अधिकारीबाहेकका अन्य व्यक्तिबाट आएका पत्रका आधारमा खाता रोक्कासम्बन्धी प्रक्रिया अघि बढाउन राष्ट्र बैंक बाध्य नहुने विनियमावलीमा उल्लेख छ ।

नेपाल राष्ट्र बैंकलाई बुधवार चिठी लेख्दै प्राधिकरणले बक्यौता नबुझाउने ३४ उद्योगको खाता रोक्का गरी बक्यौता असुलीमा सहयोग गर्न अनुरोध गरेको थियो ।

» बाँकी पृष्ठ ५ मा

## तीन कम्पनीको आईपीओ स्वीकृतिमा अवरोध हुन सक्ने

| कम्पनीको नाम | तिर्न बाँकी विद्युत् महशुल (रू. हजार) | निष्कासन गर्न लागेको शेयर कित्ता | स्वीकृति प्रक्रियाको अवस्था |
|---|---|---|---|
| रिलायन्स स्पिनिङ मिल्स | ७५३,६८४ | १,१५५,९६० | स्वीकृति प्रदान भए पनि निष्कासन रोक्का रहेको |
| जगदम्बा स्टिल | १,६०१,८४३ | २०,०७०,००० | २०८० साल असोज १७ गते आवेदन दिएको |
| मारुती सिमेन्ट | ५७४,४७९ | ११,६००,००० | २०८० साल पुस २६ गते आवेदन दिएको |

*स्रोत : नेपाल विद्युत् प्राधिकरण र नेपाल धितोपत्र बोर्ड*

**प्रजिता बुढाथोकी**

काठमाडौं

डेडिकेटेड र ट्रंक लाइनको विवादित महशुल नतिर्ने कम्पनीहरुको शेयरको सार्वजनिक निष्कासन रोक्न नेपाल विद्युत् प्राधिकरणले नेपाल धितोपत्र बोर्डलाई पत्राचार गरेपछि प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) का लागि निवेदन दिएका तीन कम्पनीलाई असर पर्न सक्ने देखिएको छ ।

रिलायन्स स्पिनिङ मिल्स, जगदम्बा स्टील र मारुती सिमेन्टलाई बक्यौता विद्युत् महशुल भुक्तानी नगरेसम्म आईपीओ निष्कासनको बाटो खुला नगरिने बोर्डका कार्यकारी निर्देशक एवं प्रवक्ता डा. नवराज अधिकारीले बताए । बोर्डमा हाल विभिन्न क्षेत्रका ७६ कम्पनीले शेयर निष्कासनका लागि अनुमति माग्दै आवेदन दिएका छन् ।

अधिकारीले रिलायन्स स्पिनिङ मिल्सको हकमा आईपीओका लागि स्वीकृति प्रदान गरिसकेको भए पनि निष्कासनका लागि बोर्डले नै रोकेकाले पुनः स्वीकृति प्रक्रिया अघि बढाउन नसकिने बताए । उनका अनुसार यसअघि पनि प्राधिकरणले रिलायन्सले विद्युत् महशुल तिर्न बाँकी रहेकाले आईपीओ स्वीकृति नदिन पत्र पठाएको थियो ।

रिलायन्सको आईपीओ योग्य संस्थागत लगानीकर्तामा निष्कासन तथा बाँडफाँट भइसकेको छ भने सर्वसाधारणमा ११ लाख ५५ हजार ९६० कित्ता निष्कासन हुन बाँकी छ । रिलायन्सले बुक बिल्डिङ विधिबाट शेयर बेच्न अनुमति पाएको हो । ७५ करोड ३६ लाख ८४ हजार रुपैयाँ विद्युत् महशुलबापतको रकम घटाई नेटवर्थ गणना गर्दा वास्तविक प्रतिशेयर नेटवर्थ घट्न गएपछि यसको आईपीओ मूल्यप्रति चर्को विरोध भएको हो । सोही कारण सार्वजनिक लेखासमितिको निर्देशनपछि बोर्डले रिलायन्सको आईपीओ निष्कासन रोकेको हो । रिलायन्स स्पिनिङ मिल्सले योग्य संस्थागत लगानीकर्तालाई प्रतिकित्ता ९१२ रुपैयाँमा शेयर बिक्री गरी सर्वसाधारणमा त्योभन्दा १० प्रतिशत कम मूल्य प्रतिकित्ता ८२० रुपैयाँ ८० पैसामा शेयर निष्कासन गर्न अनुमति पाएको हो ।

'जगदम्बा स्टील र मारुती सिमेन्टको आईपीओ स्वीकृति पाउन बाँकी रहेकाले कम्पनीले भोलिका दिनमा बक्यौता रकम भुक्तानी गरे भने अवश्य प्रक्रिया अघि बढ्नेछ,' बोर्डका अर्का एक अधिकारीले भने, 'रिलायन्सको सम्बन्धमा भने सरकारकै निर्देशन रहेकाले अन्य कुरालाई समेत कम्पनीले पार लगाउन आवश्यक छ ।'

बोर्डको वेबसाइटलाई आधार मान्दा जगदम्बा स्टीलले २०८० साल असोज १७ गते बोर्डमा आईपीओ स्वीकृतिका लागि निवेदन दिएको थियो । मारुती सिमेन्टले भने २०८० पुस २६ गते १ करोड १६ लाख कित्ता शेयर निष्कासन गर्न निवेदन दिएको हो । प्राधिकरणका अनुसार जगदम्बा सिमेन्टले १ अर्ब ६० करोड १८ लाख ४३ हजार रुपैयाँभन्दा बढी र मारुती सिमेन्टले ५७ करोड ४४ लाख ७९ हजार रुपैयाँभन्दा बढी विद्युत् महशुल भुक्तानी गर्न बाँकी छ । डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत् उपयोग गरेबापत यी कम्पनीले २०७२ साल माघदेखि २०७५ साल वैशाखसम्मको उक्त रकम भुक्तानी गर्न बाँकी रहेको प्राधिकरणले जानकारी दिएको छ ।

पछिल्लो समय नेपाल धितोपत्र बोर्डमा करीब ११ महीना अध्यक्ष नियुक्त नहुँदा आईपीओ स्वीकृति प्रक्रिया प्रभावित बन्दै आएको छ । मङ्सिर १० गते बोर्डले सन्तोषनारायण श्रेष्ठलाई अध्यक्षको रूपमा पाएको छ ।

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०८/१४)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

**१**

**ऋणीको नाम र ठेगानाको विवरण (सिमरा शाखा, बारा)**

प्रताप साहको नाति दिपलाल साहको छोरा बारा जिल्ला, भोडाहा गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. २४ बस्ने, ना.प्र.नं. १०४३/२६७८१०२७ (जारी मिति २०३४/४/९, स्थान बारा) भएका **तुलसी साह कानु ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. खुबलाल साह कानुकी छोरी दिपलाल साहकी बुहारी तुलसी साह कानुकी श्रीमति बारा जिल्ला, धर्मनगर गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. २४ बस्ने, ना.प्र.नं. २६७८१७२८ (जारी मिति २०३३/९/६, स्थान बारा कलैया) भएकी **रामझरी देवी कनुइन** ।
२. दिपलाल साहको नाति तुलसी साह कानुको छोरा बारा जिल्ला, मनहर्वा गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. २४ बस्ने, ना.प्र.नं. २५७३/२२३३ (जारी मिति २०६१/१/२५, स्थान बारा) भएका **भगवान लाल साह कानु ।**
३. दिपलाल साहको नाति तुलसी साह कानुको छोरा बारा जिल्ला, मनहर्वा गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. २४ बस्ने, ना.प्र.नं. ३३१०६९/२५९९२ (जारी मिति २०६९/०१/२०, स्थान बारा) भएका **हरिचन्द्र साह कानु ।**
४. दिपलाल साहको नाति तुलसी साह कानुको छोरा बारा जिल्ला, मनहर्वा गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. २४ बस्ने, ना.प्र.नं. ८/७२५८ (जारी मिति २०५२/१२/७, स्थान बारा कलैया) भएका **अशोक साह कानु ।**
५. अछेलाल साह कानुकी छोरी तुलसी साह कानुकी बुहारी अशोक साह कानुकी श्रीमति बारा जिल्ला, मनहर्वा गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. २४ बस्ने, ना.प्र.नं. ३३३०६९/४७७ (जारी मिति २०६३/११/२७, स्थान बारा) भएकी **पुनम देवी साह कानु ।**

**धितोको विवरण**

बारा जिल्ला, भोडाहा गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. २४ बस्ने, **तुलसी साह कानु**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, भोडहा गा.वि.स. वडा नं. ५, नक्सा सीट नं ५ मा अवस्थित कि.नं. ६४५ क्षेत्रफल ०-७-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**२**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (सिमरा शाखा, बारा)**

औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, (बारा) नेपालमा मिति २०७८/५/३१ मा उद्योग दर्ता नं. १०४१७/४९४/०७८/०७९ अन्तर्गत दर्ता भएको **रियान्सु ब्लक उद्योग ।**
ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ ।

**ऋणी फर्मका प्रोप्राइटरः**
खड्क बहादुर पुडासैनीकी छोरी, दुर्गा बहादुर पुडासैनीकी बुहारी, राम पुडासैनीकी श्रीमति, बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३२०८१/३३८२५ (जारी मिति २०६८/०९/२५, स्थान बारा) भएकी **रोजिता पुडासैनी ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

हर्क बहादुर पुडासैनीको नाति, दुर्गा बहादुर पुडासैनीको छोरा, बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. १९३४४ (जारी मिति २०६२/८/१९, स्थान बारा) भएका **राम पुडासैनी ।**

**धितोको विवरण**

बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बस्ने, **राम पुडासैनी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. १, नक्सा सीट नं १ मा अवस्थित कि.नं. २१५९ क्षेत्रफल ०-१-१५-८ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**३**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (सिमरा शाखा, बारा)**

औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, (बारा) नेपालमा मिति २०७७/१०/०९ मा उद्योग दर्ता नं. ९१७६/८०६/०७७/७८ अन्तर्गत दर्ता भएको **सिद्धेश्वर पशुपालन फार्म ।**
ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १ ।

**ऋणी फर्मका प्रोप्राइटरः**
राम लोचन साह कानुकी छोरी, बेचु साह कानुकी बुहारी, राजेन्द्र कुमार साहकी श्रीमति, बारा जिल्ला, कलैया न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३१०५५/३९०२१ (जारी मिति २०७०/०३/३१, स्थान बारा) भएकी **कोशिला देवी ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. शकुल साह कानुको नाति, बेचु सा कानुको छोरा बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३-०१-७६-०९६८५ (जारी मिति २०७६/०९/०७, स्थान बारा) भएका **राजेन्द्र कुमार साह ।**
२. बेचु सा कानुको नाति, राजेन्द्र कुमार साहको छोरा बारा जिल्ला, कलैया न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३१०५५/४२४६८ (जारी मिति २०७०/०८/१९, स्थान बारा) भएका **अरुण साह ।**
३. बेचु सा कानुकी नातिनी, राजेन्द्र कुमार साहकी छोरी बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३३-०१-७७-०४६३४ (जारी मिति २०७७/०८/१७, स्थान बारा) भएकी **रंजु कुमारी ।**

**धितोको विवरण**

बारा जिल्ला, कलैया न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १ बस्ने, **कोशिला देवी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ५, नक्सा सीट नं ५ मा अवस्थित कि.नं. क्रमशः ७८८, ७८९, १२६३ र १२४१ क्षेत्रफल क्रमशः ०-१-५-६, ०-०-१-१०, ०-१-१६.५ र ०-०-१६-६.५ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**४**

**ऋणीको नाम र ठेगानाको विवरण (सिमरा शाखा, बारा)**

भिम बहादुर श्रेष्ठको नाति श्रीराम श्रेष्ठको छोरा बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. १२१७ (जारी मिति २०५७/८/१६, स्थान सिमरा) भएका **सुर्यलाल श्रेष्ठ ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१.राम बहादुर श्रेष्ठकी छोरी भिम बहादुर श्रेष्ठकी बुहारी श्रीराम श्रेष्ठकी श्रीमती बारा जिल्ला, पिप्रा सिमरा गा.प. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ११८/२७५ (जारी मिति ०४६/३/१७, स्थान बारा) भएकी **लक्ष्मी देवी श्रेष्ठ ।**
२. राम बहादुर श्रेष्ठकी छोरी श्रीराम श्रेष्ठकी बुहारी सन्तोष श्रेष्ठकी श्रीमती बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ३३२०८१/२८०९३ (जारी मिति २०६६/७/२४, स्थान बारा) भएकी **सुजिता श्रेष्ठ ।**
३. दुर्गा दत्त पन्थीकी छोरी श्रीराम श्रेष्ठकी बुहारी सुर्यलाल श्रेष्ठकी श्रीमती बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ३३२०८१/२६७५३ (जारी मिति २०६६/४/२८, स्थान बारा) भएकी **अस्मिता शर्मा (श्रेष्ठ) ।**
४. भीम बहादुर श्रेष्ठको नाति श्रीराम श्रेष्ठको छोरा बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. २२१०/२१५७४ (जारी मिति २०६३/६/२, स्थान बारा) भएका **सन्तोष श्रेष्ठ ।**

### तपसिल

**५**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (सिमरा शाखा, बारा)**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, कलैया, बारामा मिति २०७७/१०/०६ मा प्रा.फ.र.नं. १०२५३/०७७/७८, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **सरगम फेशन ।**
ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ ।

**ऋणी फर्मका प्रोप्राइटरः**
राम बहादुर श्रेष्ठकी छोरी श्रीराम श्रेष्ठकी बुहारी सन्तोष श्रेष्ठकी श्रीमती बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ३३२०८१/२८०९३ (जारी मिति २०६६/७/२४, स्थान बारा) भएकी **सुजिता श्रेष्ठ ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. राम बहादुर श्रेष्ठकी छोरी भिम बहादुर श्रेष्ठकी बुहारी श्रीराम श्रेष्ठकी श्रीमती बारा जिल्ला, पिप्रा सिमरा गा.प. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ११८/२७५ (जारी मिति ०४६/३/१७, स्थान बारा) भएकी **लक्ष्मी देवी श्रेष्ठ ।**
२. भिम बहादुर श्रेष्ठको नाति श्रीराम श्रेष्ठको छोरा बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. १२१७ (जारी मिति २०५७/८/१६, स्थान सिमरा) भएका **सुर्यलाल श्रेष्ठ ।**
३. दुर्गा दत्त पन्थीकी छोरी श्रीराम श्रेष्ठकी बुहारी सुर्यलाल श्रेष्ठकी श्रीमती बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ३३२०८१/२६७५३ (जारी मिति २०६६/४/२८, स्थान बारा) भएकी **अस्मिता शर्मा (श्रेष्ठ) ।**
४. भीम बहादुर श्रेष्ठको नाति श्रीराम श्रेष्ठको छोरा बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. २२१०/२१५७४ (जारी मिति २०६३/६/२, स्थान बारा) भएका **सन्तोष श्रेष्ठ ।**

**संस्थागत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**
स्थानिय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गढीमाई नगरपालिका कार्यालय, जीतपुर बारामा मिति २०७३/०९/२१ मा प्रमाण पत्र नं. ४४० अन्तर्गत दर्ता भएको **सरगम फेशन शप ।**
ठेगाना : बारा जिल्ला, गढीमाई न.पा. वडा नं. २ ।

**६**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण (सिमरा शाखा, बारा)**

स्थानिय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गढीमाई नगरपालिका कार्यालय, जीतपुर बारामा मिति २०७३/०९/२१ मा प्रमाण पत्र नं. ४४० अन्तर्गत दर्ता भएको **सरगम फेशन शप ।**
ठेगाना : बारा जिल्ला, गढीमाई न.पा. वडा नं. २ ।

**ऋणी फर्मका प्रोप्राइटरः**
भिम बहादुर श्रेष्ठको नाति श्रीराम श्रेष्ठको छोरा बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. १२१७ (जारी मिति २०५७/८/१६, स्थान सिमरा) भएका **सुर्यलाल श्रेष्ठ ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. राम बहादुर श्रेष्ठकी छोरी भिम बहादुर श्रेष्ठकी बुहारी श्रीराम श्रेष्ठकी श्रीमती बारा जिल्ला, पिप्रा सिमरा गा.प. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ११८/२७५ (जारी मिति ०४६/३/१७, स्थान बारा) भएकी **लक्ष्मी देवी श्रेष्ठ ।**
२. राम बहादुर श्रेष्ठकी छोरी श्रीराम श्रेष्ठकी बुहारी सन्तोष श्रेष्ठकी श्रीमती बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ३३२०८१/२८०९३ (जारी मिति २०६६/७/२४, स्थान बारा) भएकी **सुजिता श्रेष्ठ ।**
३. दुर्गा दत्त पन्थीकी छोरी श्रीराम श्रेष्ठकी बुहारी सुर्यलाल श्रेष्ठकी श्रीमती बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ३३२०८१/२६७५३ (जारी मिति २०६६/४/२८, स्थान बारा) भएकी **अस्मिता शर्मा (श्रेष्ठ) ।**
४. भीम बहादुर श्रेष्ठको नाति श्रीराम श्रेष्ठको छोरा बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. २२१०/२१५७४ (जारी मिति २०६३/६/२, स्थान बारा) भएका **सन्तोष श्रेष्ठ ।**

**सुर्यलाल श्रेष्ठ, सरगम फेशन र सरगम फेशन शपको संयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
बारा जिल्ला, पिप्रा सिमरा गा.प. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, **लक्ष्मी देवी श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.प. वडा नं. २, नक्सा सीट नं २ मा अवस्थित कि.नं. १८०४ क्षेत्रफल ०-२-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**सरगम फेशन र सरगम फेशन शपको संयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण**
बारा जिल्ला, पिप्रा सिमरा गा.प. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ४ बस्ने, **लक्ष्मी देवी श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.प. वडा नं. ४, नक्सा सीट नं ४क मा अवस्थित कि.नं. ४५३ र ४६४ क्षेत्रफल ०-०-१०-० र ०-०-५-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**७**

**ऋणीको नाम र ठेगानाको विवरण (भिमसेनगोला शाखा, काठमाडौं)**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, (फर्म तथा अभिलेख व्यवस्थापन शाखा) मा मिति २०७४/०५/२९ मा प्रा.फ.र.नं. १३७३६१/०७४/७५, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **लिक्युट ल्याण्ड ।**
ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. १० ।

**ऋणी फर्मका प्रोप्राइटरः**
अनन्त राम ज्ञवालीकी नातिनी, केशव राज ज्ञवालीकी छोरी, गुल्मी जिल्ला, बलेटक्सार न.प. वडा नं. ४ स्थायी घर भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. ६४० (जारी मिति २०४८/७/१३, स्थान गुल्मी) भएकी **राधा ज्ञवाली ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

भुवनेश्वर गौतमको नाति निलकण्ठ गौतमको छोरा गुल्मी जिल्ला, थानपति गा.प. वडा नं. २ स्थायी घर भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. लु.गु २४९ (जारी मिति २०४४/५/१७, स्थान गुल्मी) भएका **गणेश गौतम ।**

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## एनपीएलका प्रत्येक चौकामा विद्यार्थीलाई एनसेल फाउन्डेसनको शैक्षिक सामग्री



काठमाडौं (अस) । एनसेल फाउन्डेसनले क्रिकेटको रोमाञ्चकतालाई शिक्षासँग सम्बन्धित एक ठूलो उद्देश्यसँग जोड्ने घोषणा गरेको छ । सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) पावर्ड बाई एनसेलका खेलहरूमा हानिने प्रत्येक चौका वापत एनसेल फाउन्डेसनले ग्रामीण र दुर्गम क्षेत्रका सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई चारवटा शैक्षिक सामाग्री प्रदान गर्नेछ ।

'यस पहलले विद्यार्थीको पठनपाठनमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य राखेको छ र शिक्षालाई प्रवर्द्धन गर्दै उज्ज्वल भविष्यका लागि अवसरको ढोका खोल्न मद्दत पुऱ्याउनेछ । विद्यार्थीले प्राप्त गर्ने प्रत्येक शैक्षिक किटमा आवश्यक शैक्षिक सामग्री समावेश हुनेछन् । यसले स्रोतको अभाव घटाउन सहयोग गर्नेछ र विद्यार्थीलाई पठनपाठनमा योगदान प्रदान गर्नेछ,' एनसेलकी कर्पोरेट कम्युनिकेसन र सीएसआर हेड विशाखा लक्ष्मी खड्काले भनिन् । शैक्षिक सामाग्रीहरूको वितरण क्रिकेट एशोसिएसन नेपाल (क्यान), स्थानीय निकाय र सरोकारवालाहरूको समन्वयमा गरिनेछ । जसले सामुदायिक विद्यालयका लक्षित विद्यार्थीसम्म यी सामाग्रीहरु पुग्ने सुनिश्चितता गर्ने अपेक्षा एनसेलले गरेको छ ।

क्यानले एनपीएलका लागि एनसेलसँग साझेदारी सम्झौता गरिसकेको छ । यस साझेदारी अन्तर्गत एनसेल, नेपाल प्रिमियर लिगको 'पावर्ड बाई' पार्टनरको रूपमा रहेको छ ।

## नेपाल बैंकका ग्राहकलाई नेपाल इन्टरनेशनलका सेवामा छूट



काठमाडौं (अस) । नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारी र बैंकमा खाता रहेका ग्राहकलाई काठमाडौंको जमलमा रहेको नेपाल इन्टरनेशनल हेल्थ सर्भिसेजमा उपचार गर्दा लाग्ने शुल्कमा छूट पाइने भएको छ । सो सम्झौता अनुसार बैंकमा कार्यरत कर्मचारी र ग्राहकलाई अस्पतालका विविध सेवामा लाग्ने शुल्कमा बिल रकमको १० प्रतिशतदेखि २५ प्रतिशतसम्म छूट हुने र विभिन्न सेवामा लाग्ने परामर्श शुल्कमा शत प्रतिशत छूट हुने बताइएको छ ।

सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेय र अस्पतालका अध्यक्ष रूपनारायण शाहले हस्ताक्षर गरेका छन् । यसबाट बैंकका कर्मचारी र ग्राहकले अस्पतालबाट प्रदान गरिने विभिन्न स्वास्थ्य सेवाबाट लाभान्वित हुने विश्वास बैंकको छ ।

## नेपाल बैंकका ग्राहकलाई सिद्धि पोली प्याथ ल्याबमा छूट

काठमाडौं (अस) । नेपाल बैंक लिमिटेडका कर्मचारी एवं ग्राहकलाई काठमाडौंको डिल्लीबजारस्थित सिद्धि पोली प्याथ ल्याबबाट प्रदान गरिने विभिन्न सेवामा लाग्ने शुल्कमा छूट पाइने भएको छ । बैंक र प्याथ ल्याबबीच बुधवार भएको सम्झौता बमोजिम बैंकमा कार्यरत कर्मचारी एवं ग्राहकलाई प्याथ ल्याबका विभिन्न सेवामा लाग्ने शुल्कमा १० प्रतिशतसम्म छूट हुने व्यवस्था गरिएको बताइएको छ । उक्त सम्झौता पत्रमा नेपाल बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाशकुमार अधिकारी र प्याथ ल्याबका प्रमुख वित्त अधिकृत सुजन प्रधानले हस्ताक्षर गरेका छन् । उक्त सम्झौता बमोजिम बैंकका कर्मचारी र ग्राहकले क्लिनिकबाट प्रदान गरिने विभिन्न स्वास्थ्य सेवाबाट लाभान्वित हुने विश्वास बैंकको छ ।

## क्यान महासंघ चितवनको अध्यक्षमा लामिछाने



चितवन (अस) । कम्प्युटर एसोसिएसन नेपाल (क्यान) महासंघ जिल्ला शाखा चितवनको अध्यक्षमा विष्णुप्रसाद लामिछाने चयन भएका छन् । क्यान चितवनको १९औं वार्षिक साधारणसभा तथा ९औं अधिवेशनमार्फत लामिछानेको नेतृत्वमा नयाँ कार्यसमिति निर्विरोध चयन भएको हो । समितिको उपाध्यक्षमा रुपक नेपाल, सचिवमा इन्जिनियर कृष्ण पोखरेल, कोषाध्यक्षमा अशिम ढुंगाना र सहसचिवमा अनिता भुसाल चयन भएका छन् । यस्तै सदस्यमा प्रदिप महतो, दिनेश पण्डित, जेबी थापा, निरन्जन आचार्य र जानकी शर्मा चयन भएको क्यान चितवनका निवर्तमान अध्यक्ष टेकलाल भुसालले जानकारी दिए ।

## दुई विदेशीका कला साताव्यापी प्रदर्शन

काठमाडौं । 'आन्तरिक परिदृश्य' शीर्षकमा दुई विदेशी कलाकारका कला साताव्यापी रूपमा प्रदर्शन गरिने भएको छ । ताइवानकी चाउ मेङ येह र लिथुआनियाकी गेर्डा ल्युड्विनाभिसियुटेकाले सृजना गरेका कला प्रदर्शनी गरिने भएको हो । आर्टुडियो अन्तरराष्ट्रिय कलाकार रेसीडेन्सी कार्यक्रम २०२४ अन्तर्गत दुवै जनाले नेपाल आई सृजना गरेका रचनात्मक कार्यको सम्मान स्वरूप प्रदर्शनी हुन लागेको हो । आर्टुडियोमै यही मङ्सिर १४ देखि एक सातासम्म प्रदर्शनी हुनेछ । आर्टुडियोका संस्थापक र निर्देशक कैलाश के श्रेष्ठले प्रदर्शनीबारे उत्साहित हुँदै भने, 'यो प्रदर्शनीले हामीलाई कलाले एउटा सार्वभौमिक भाषाको रूपमा कसरी जोड्छ भन्ने शक्ति प्रदर्शन गर्नेछ ।' उनका अनुसार कलाकार चाउको कला दृष्टिकोण मानवशास्त्र र ललित कलाको समृद्ध शैक्षिक पृष्ठभूमिमा आधारित छ । *रासस*

कर्णाली डेभलपमेण्ट बैंक लि.
Karnali Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको मान्यता प्राप्त
समृद्धिको आधार

**प्रेस विज्ञप्ती**

मिति २०८१/०८/११ गते नेपाल राष्ट्र बैंकबाट आधिकारिक वेबसाइटमा यस संस्थाका सम्बन्धमा प्रकाशित सूचनालाई केही अनलाइन माध्यमबाट फरक-फरक दृष्टिकोणले तोड मरोड गरी द्वेषपूर्ण ढंगले बैंकलाई बदनाम गराउने दुस्प्रयास गरेकाले यस्ता गलत, तथ्यहीन र असन्तुलित समाचारको भ्रममा नपर्न हामी हाम्रा ग्राहक, शुभचिन्तक र आम जनतामा सादर आग्रह गर्दछौं ।

नेपाल लगायत विश्वभरी फैलिएको कोभिड १९ महामारीको पहिलो तथा दोस्रो लहर र महामारी पछिको असरका कारण सृजित आर्थिक मन्दीका कारण आर्थिक गतिविधि शिथिल भएका कारण देशभरीका बैंक तथा वित्तीय संस्थाहरुको कर्जा असुली प्रक्रियामा प्रतिकुल प्रभाव परेको त सर्वविदितै छ । सो सम्बन्धमा यस बैंकबाट कर्जा असुलीका सम्पूर्ण औजार प्रयोग गर्दा समेत आर्थिक मन्दी, घर, जग्गा कारोबारमा आएको मन्दी अवान्छित कार्य गर्ने समूहको अवरोध आदिका कारण केही कर्जा असुली हुन नसकेकोले निष्कृय कर्जा बढेका कारण नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाको शिघ्र सुधारात्मक कार्यवाही सम्बन्धी विनियमावली -२०७४ बमोजिम निष्कृय कर्जा असुली गरी सुधार गर्नका लागि कर्जा तथा बचतमा पर्याप्त सिमाभित्र रही कारोबार गर्ने गरी शिघ्र सुधारका लागि कारवाही गरिएको हुँदा यस बैंकको कारोबारमा रोक नलगाईएको र बैंकको कर्जा असुली लगायत नियमित बैंकिङ्ग कारोबार भई रहेको व्यहोरा स्पष्ट पार्न चाहन्छौं ।

नेपाल राष्ट्र बैंकको स्थलगत निरिक्षण प्रतिवेदनमा उल्लेख गरिएको न्यूनतम प्राथमिक पूँजी कोष अनुपात क्रमशः ५२.५९ प्रतिशत देखि २५.८७ प्रतिशत ऋणात्मकमा झारेको छ । जस अनुसार प्राथमिक पूँजी कोष अनुपातमा ५०.७१ प्रतिशत हासिल समेत गरिसकेको छ । त्यस्तै, आर्थिक बर्ष २०७९/८० देखि २०८०/८१ मा बैंकले निष्कृय कर्जा क्रमशः ५९.३९ प्रतिशत बाट ४०.८५ प्रतिशतमा घटाएको छ । जुन ३१.२२ प्रतिशतले हासिल गरेको हो । कर्जा निक्षेप अनुपात (CD Ratio) आर्थिक बर्ष २०७९/८० मा ६६.१३ प्रतिशत रहेकोमा २०८०/८१ मा ५५.०२ प्रतिशत मात्र रहेको छ । तरल सम्पत्ति/कुल निक्षेप अनुपात आर्थिक बर्ष २०७९/८० मा ३३.०१ प्रतिशतबाट बढेर आर्थिक बर्ष २०८०/८१ मा ३९.१० प्रतिशत कायम राखेको छ । जसले तरलता व्यवस्थापनमा कर्णाली डेभलपमेण्ट बैंक लि. को सक्रियताका साथै निक्षेप कर्ताहरुका रकमहरुको सुरक्षमा उच्च प्राथमिकता रहेको कुरा दर्साउँछ ।

हाल आर्थिक गतिविधिमा सुधार आएसंगै २०८१ आषाढ मसान्तसम्ममा निष्कृय वर्गमा रहेका कर्जाहरु २०८१ को असोज मसान्तसम्ममा असुल उपर भै निष्कृय कर्जा २९.४९ प्रतिशत कायम राख्न सफल भैसकेको छ । अन्य निष्कृय कर्जाहरु केही निकट भविष्मा नै असुल उपर हुने प्रक्रियामा रहेको हुँदा छोटो अवधिमा नै सुधार गरी कारवाही फुकुवा प्रक्रियामा जाने व्यहोरा सबैमा जानकारी गराउंदछौं ।

उक्त कारवाहीले यस बैंकका ग्राहकहरुको नियमित बैंकिङ्ग काम कारवाहीमा असर नगर्ने, निर्वाध कारोबार गर्न सक्ने र बैंकको सिडि रेसियो समेत कम्फर्टेबल रहेको हुँदा भुक्तानीमा कुनै समस्या नरहेको व्यहोरा जानकारी गराउदै यस्ता भ्रम पुर्ण अति रंजित समाचारको भ्रममा नपर्नु हुन र विस्तृत जानकारीका लागि नेपाल राष्ट्र बैंकको आधिकारिक वेबसाइटमा अध्ययन गर्न हुन सादर अनुरोध गर्दछौं ।

यस बैंक नेपाल राष्ट्र बैंकको नीति नियमको परिधिभित्र रही कार्य गर्दछ र जारी निर्देशन सदैव पालना गरेर कार्य गर्दछ । नेपाल राष्ट्र बैंकको नीति नियमको परिधिभित्र रहेर बैंक हिडेको हामी सबैमा आश्वस्त पार्न चाहन्छौं । हाम्रा ग्राहकहरुको स्नेह, साथ र सहयोगले हामीलाई अझ अगाडि बढ्ने प्रेरणा मिलेको भन्दै कर्णाली डेभलपमेन्ट बैंक सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

निरज बिक्रम शाह
प्रमूख कार्यकारी अधिकृत

# ‘ग्लोबल आईएमई बैंक एनवाईईएफ स्टार्टअप अवार्ड्स ४.०’ को अभिमुखीकरण

काठमाडौं (अस) । नेप्लिज योङ आन्ट्रप्रेनियर्स फोरम (एनवाईईएफ) काठमाडौं च्याप्टरले ‘ग्लोबल आईएमई बैंक एनवाईईएफ स्टार्टअप अवार्ड्स ४.०’ का लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । मङ्सिर ७ गते ‘पाटन कलेज फर प्रोफेशनल स्टडिज’मा सम्पन्न उक्त कार्यक्रमले नेपालमा उद्यमशीलताका सम्भावनालाई बलियो बनाएको आयोजकको भनाइ छ ।



यस वर्षको प्रतियोगिताका १७० भन्दा बढी स्टार्टअप दर्ता भएको बताइएको छ । उक्त कार्यक्रमले प्रतियोगिताको प्रक्रिया, मेन्टरशिप र वृद्धिका अवसरका बारेमा विस्तृत जानकारी प्रदान गरेको बताइएको छ ।

कार्यक्रममा एनवाईईएफ काठमाडौं च्याप्टरका अध्यक्ष अभिमन्यु गोल्छाको स्टार्टअपलाई बढाउन र सफल बनाउन यस्ता प्लेटफर्मको महत्त्वलाई जोड दिएको बताए । कार्यक्रमका अध्यक्ष सन्दीप शर्माले प्रतियोगिताको संरचनाबारे विस्तृत जानकारी प्रदान गर्दै मेन्टरशिप, नेटवर्किङ र पुरस्कार जित्ने अवसरलाई प्रष्ट पारेका थिए । कार्यक्रमको समापन एनवाईईएफ नेशनल गभर्निङ काउन्सिलकी कार्यकारी सदस्य बिलाषा श्रेष्ठले गरेकी थिइन् ।

कार्यक्रम बारे थप प्रकाश पार्दै बिटुबी सेसनले सहभागीलाई समान विचारधाराका उद्यमी र सम्भावित साझेदारसँग नेटवर्किङ गर्ने अवसर पनि प्रदान गरेको अपेक्षा गरिएको छ । ‘ग्लोबल आईएमई बैंक एनवाईईएफ स्टार्टअप अवार्ड्स ४.०’ प्रतियोगिता मात्र नभई ५ लाख रुपैयाँभन्दा बढीको नगद पुरस्कार, विशेषज्ञ परामर्श र लगानीकर्तासँगको सम्पर्क बढाउने एक प्रगतिशील प्लेटफर्म पनि भएको बताइएको छ ।

# कर र महशुलका दर घटाउनु स्वागतयोग्य

काठमाडौं (अस) । आयातमा लाग्ने भन्सार दर कम गर्ने नेपाल सरकारको पछिल्लो निर्णयलाई नेपाल समुद्रपार निकासी पैठारी संघले सकारात्मक कदमको रूपमा लिएको बताएको छ ।

संघले एक विज्ञप्ति जारी गर्दै सुनचाँदी, मार्बल र ग्रेनाइट आयातमा लाग्ने भन्सार महशुल तथा दलहन आयातमा लिने अग्रिम आयकरको दर घटाउने एवं मार्बल र ग्रेनाइटमा लाग्ने अन्तःशुल्क दर शून्यप्रतिशत कायम गर्ने सरकारको निर्णयलाई संघले सकारात्मक कदमको रूपमा लिएको बताएको हो ।

सरकारले केही दिनअघि निर्णय गरी आयातमा लाग्ने भन्सार महशुल सुनको २० बाट १० प्रतिशत, चाँदीको १५ बाट १० प्रतिशत, मार्बलको ३० बाट १० प्रतिशत र ग्रेनाइटको २० बाट १० प्रतिशत बनाएको थियो । त्यसैगरी मार्बल र ग्रेनाइटमा लाग्ने अन्तःशुल्क शून्य प्रतिशत कायम गरेको छ । दलहन आयात गर्दा लिने अग्रिम आयकरलाई १० प्रतिशतबाट घटाएर २ दशमलव ५ प्रतिशत कायम गरेको छ ।

‘दलहन, चामल लगायत वस्तु आयातमा लाग्ने अग्रिम आयकरको दर १० प्रतिशत पुर्‍याउँदा व्यवसायमा पर्ने प्रतिकूल प्रभावबारे पनि यस संघले शुरूदेखि नै सरकारको ध्यानाकर्षण गराउँदै आएको थियो । मार्बल र ग्रेनाइटको उच्च आयात महशुल र अन्तःशुल्क दरको नकारात्मक प्रभावप्रति पनि संघले चासो व्यक्त गरेको थियो,’ संघले भनेको छ ।

यसले अनधिकृत आयात नियन्त्रणमा सघाउ पुग्ने विश्वास संघको छ । संघले महशुल र करका दरमा हाल गरिएको कटौती मात्रै अनधिकृत आयात रोक्न पर्याप्त नहुनेतर्फ पनि सरकारको ध्यानाकर्षण गराएको छ । अनधिकृत आयात रोक्न नेपाल र भारतमा वस्तुको मूल्य लगभग समान हुने हिसाबले करका दर समायोजन हुनुपर्ने संघको माग छ ।

## ग्लोबल आइएमई बैंक लिमिटेडको

## धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८१/०८/१४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण वक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रकृया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

### तपसिल

### लालबन्दी शाखा, सर्लाही

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | |
|---|---|---|
| १. प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्रा.फ.नं. ६२१८/०७५/०७६ अन्तर्गत मिति २०७५/०८/१७ मा दर्ता कायम भएको **सुश्री स्टेशनरी तथा जेनरल स्टोर्स**<br>फर्म दर्ता ठेगाना : बाग्मती न.पा. -११, सर्लाही<br>स्थायी लेखा नं. ६०८८२९३२४, मिति २०७५/०८/१७<br>**प्रोप्राइटर : युवराज भुजेल**<br>**कर्जा शिर्षक : आवधिक कर्जा**<br>**२. युवराज भुजेल**<br>**कर्जा शिर्षक : घर कर्जा** | **युवराज भुजेल**<br>ना.प्र.नं. ५४९८०३६१<br>जारी मिति २०५७/०१/१२<br>ई.प्र.सा. हरिवन, सर्लाही<br>बाबुको नाम : विर बहादुर घर्ति<br>बाजेको नाम : मंगले घर्ति<br>स्थायी ठेगाना : कमैया -५, सर्लाही<br>हालको ठेगाना : बाग्मती न.पा. -११, सर्लाही | **शुशीला कुमारी गौतम**<br>ना.प्र.नं. ५४९८०२७१<br>जारी मिति २०५६/०८/२४<br>ई.प्र.सा. हरिवन, सर्लाही<br>बाबुको नाम : कर्ण बहादुर गौतम<br>पतिको नाम : युवराज भुजेल<br>ससुराको नाम : विर बहादुर घर्ति<br>स्थायी ठेगाना : कमैया -५, सर्लाही<br>हालको ठेगाना : बाग्मती न.पा. -११, सर्लाही |

**धितोको विवरण**

**घरजग्गाको विवरण**

मंगले घर्तिको नाति, विर बहादुर भुजेलको छोरा, युवराज भुजेलको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स./न.पा. वडा नं. ८ ड (बेबिलोन एकेडेमी, सर्लाही) स्थित कि.नं. ३९६ को क्षेत्रफल ०-३-१३-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### लम्की शाखा, कैलाली

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | | |
|---|---|---|---|
| **केशव गाह**<br>ना.प्र.नं. ६७३००२/१५<br>जारी मिति २०६३/११/२९<br>जि.प्र.का. कैलाली<br>बाबुको नाम : दिल बहादुर गाह<br>बाजेको नाम : ध्वज बहादुर<br>स्थायी ठेगाना : लम्की चुहा न.पा. -१, कैलाली<br>हालको ठेगाना : लम्की चुहा न.पा. -५, कैलाली<br>**कर्जा शिर्षक : घर कर्जा** | **रिकिता मानन्धर**<br>ना.प्र.नं. २९-०१-०६६-०४९४९<br>जारी मिति २०६६/१०/१३<br>जि.प्र.का. भक्तपुर<br>बाबुको नाम : कृष्ण प्रसाद मानन्धर<br>पतिको नाम : केशव गाह<br>ससुराको नाम : दिल बहादुर गाह<br>स्थायी ठेगाना : भक्तपुर न.पा. -७, भक्तपुर<br>हालको ठेगाना : लम्की चुहा न.पा. -५, कैलाली | **डिल बहादुर गाह**<br>ना.प्र.नं. २९९७२५८१<br>जारी मिति २०३५/१२/१६<br>जि.प्र.का. कैलाली<br>बाबुको नाम : ध्वज बहादुर<br>बाजेको नाम : ऐमान गाह<br>स्थायी ठेगाना : धर्मापुर -६, कैलाली<br>हालको ठेगाना : लम्की चुहा न.पा. -५, कैलाली | **लाल सरी गाह मगर**<br>ना.प्र.नं. ४/६३९३/२१४२<br>जारी मिति २०४६/०३/३०<br>जि.प्र.का. कैलाली<br>बाबुको नाम : जंगे वटाला<br>पतिको नाम : डिल बहादुर गाह<br>ससुराको नाम : ध्वज बहादुर<br>स्थायी ठेगाना : वलिया -६, कैलाली<br>हालको ठेगाना : लम्की चुहा न.पा. -५, कैलाली |

**धितोको विवरण**

**घरजग्गाको विवरण**

ध्वज बहादुर गाहको नाति, दिल बहादुर गाहको छोरा, केशव गाहको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, वलिया गा.वि.स./न.पा. वडा नं. ८ (लम्की चोक नजिक) स्थित कि.नं. १२२१ को क्षेत्रफल ०-०-१०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### लहान शाखा, सिराहा

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| १. प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.नं.घ.उ.सि. ९८०६/०७५/०७६ अन्तर्गत मिति २०७६/०३/२९ मा दर्ता कायम भएको **जानकी दुवानी सेवा**<br>फर्म दर्ता ठेगाना : मिर्चैया -५ (साविक रामनगर -१), सिरहा<br>स्थायी लेखा नं. ३००३७२२६९, मिति २०७६/०३/२९<br>**प्रोप्राइटर : अजवलाल साह**<br>**कर्जा शिर्षक : सवारी साधन कर्जा**<br>**२. अजवलाल साह**<br>**कर्जा शिर्षक : आवधिक तथा घर कर्जा** | **अजवलाल साह**<br>ना.प्र.नं. १३६८, जारी मिति २०४४/०२/२९<br>जि.प्र.का. सिरहा<br>बाबुको नाम : भागीरथ साह<br>बाजेको नाम : फगुनी साह<br>स्थायी ठेगाना : रामनगर -२, सिरहा<br>हालको ठेगाना : मिर्चैया न.पा. -४, सिरहा |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | | |
|---|---|---|
| **रेणु कुमारी**<br>ना.प्र.नं. ०६२१४११०, जारी मिति २०४५/०२/०४<br>जि.प्र.का. धनुषा<br>बाबुको नाम : देव नारायण पंजियार<br>पतिको नाम : अजवलाल साह<br>ससुराको नाम : भागीरथ साह<br>स्थायी ठेगाना : बलकटवा -७, धनुषा<br>हालको ठेगाना : मिर्चैया न.पा. -४, सिरहा | **सुनिल साह**<br>ना.प्र.नं. १५१०९०/४०२०<br>जारी मिति २०६७/०२/२३ जि.प्र.का. सिरहा<br>बाबुको नाम : अजवलाल साह<br>बाजेको नाम : भागीरथ साह<br>स्थायी ठेगाना : रामनगर मिर्चैया -२, सिरहा<br>हालको ठेगाना : मिर्चैया न.पा. -४, सिरहा | **सुधिर कुमार साह**<br>ना.प्र.नं. १५१०९०/४०८४<br>जारी मिति २०६७/०२/२८, जि.प्र.का. सिरहा<br>बाबुको नाम : अजवलाल साह<br>बाजेको नाम : भागीरथ साह<br>स्थायी ठेगाना : रामनगर मिर्चैया -२, सिरहा<br>हालको ठेगाना : मिर्चैया न.पा. -४, सिरहा |

**ऋणी जानकी दुवानी सेवाका लागि मात्र व्यक्तिगत जमानत रहेको**

**धितोको विवरण**

**घर/जग्गाको विवरण**

१. फगुनी साहको नाति, भागीरथ साहको छोरा, अजवलाल साहको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेस्ता कायम रहेको
   क. सिराहा जिल्ला, फुलवरीया गा.वि.स./न.पा. वडा नं. ३ क (बताहा पुल नजिक) स्थित कि.नं. ४१९, ४६५, ४६७, ८१, १११, ३००१ र ३००२ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१-६-०, ०-१-१-०, ०-२-९-०, ०-१-१२-०, ०-२-१९-० र ०-३-२-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
   ख. सिराहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स./न.पा. वडा नं. २ (आर्मी क्याम्प छोहोर्वा नजिक) स्थित कि.नं. ३३८५ को क्षेत्रफल ०-१-४.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
   ग. सिराहा जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. १ (कल्याणपुर रोड नजिक) स्थित कि.नं. ३४९२ र ३२६७ को क्षेत्रफल क्रमशः ०-०-१२-१४.५ र ०-०-१२-११ विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. देव नारायण पंजियारको छोरी, भागीरथ साहको बुहारी, अजवलाल साहको पत्नी, रेणु कुमारीको नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको
   क. सिरहा जिल्ला, रामनपर गा.वि.स./न.पा. वडा नं. १ (कल्याणपुर रोड नजिक) स्थित कि.नं. ६११ को क्षेत्रफल ०-०-१०-० विगाहाको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
   ख. सिरहा जिल्ला, रामनपर गा.वि.स./न.पा. वडा नं. १ (कल्याणपुर रोड नजिक) स्थित कि.नं. ३३० को क्षेत्रफल ०-२-९-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**सवारी साधनको विवरण (ऋणी जानकी दुवानी सेवाका लागि मात्र)**

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | इन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|---|
| Ashok Leyland HCV Tipper | प्र २ ०१ ००१ क ००९८ | २०१९ | KYHZ121132 | MB1HTLFC4KRYD3624 |
| Demlor E.L HCV Tipper | प्र २ ०१ ००१ क ००८७ | २०१९ | 400950D0088416 | MEC2411BFKP087674 |
| Demlor E.L HCV Tipper | प्र २ ०१ ००१ ख ००८८ | २०१९ | 40095D0088414 | MEC2411BFKP087572 |
| Ashok Leyland HCV Tipper | प्र २ ०१ ००१ क ००६४ | २०१९ | KFHZ108652 | MB1HTLFC6KRFC1579 |
| Ashok Leyland HCV Tipper | प्र २ ०१ ००१ ख ००६५ | २०१९ | KEHZ110716 | MB1HTLFC0KREC3728 |

**नोट :** यस बैंकको नाममा रहेको उल्लेखित सवारी साधनहरु हाल बैंकको नियन्त्रणमा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ ।

### कुलेश्वर शाखा, काठमाडौं

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | |
|---|---|---|
| नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १५०३९०/७२/०७३ अन्तर्गत मिति २०७३/०२/२३ मा दर्ता कायम भएको **कमलादी काठमाडौं निरमाया दोहोरी साँझ प्रा.लि.**<br>कम्पनी दर्ता ठेगाना : काठमाडौं म.न.पा. -३१, काठमाडौं<br>स्थायी लेखा नं. ६०४२७०४४१, मिति २०७३/०३/०५<br>**संचालक : विजय सिं**<br>**कर्जा शिर्षक : सवारी साधन कर्जा** | **विजय सिं**<br>ना.प्र.नं. ३५४१२४७<br>जारी मिति २०६५/०३/२५, जि.प्र.का. चितवन<br>बाबुको नाम : जय सिं विश्वकर्मा<br>बाजेको नाम : शंकर विश्वकर्मा<br>स्थायी ठेगाना : पटिहानी -६, चितवन<br>हालको ठेगाना : काठमाडौं म.न.पा. -२८, काठमाडौं | **जय सीह कामी**<br>ना.प्र.नं. ११११, जारी मिति २०४५/०१/०८<br>जि.प्र.का. चितवन<br>बाबुको नाम : शंकर विश्वकर्मा<br>बाजेको नाम : कालु विश्वकर्मा<br>स्थायी ठेगाना : पटिहानी -६, चितवन<br>हालको ठेगाना : काठमाडौं म.न.पा. -२८, काठमाडौं |

**धितोको विवरण**

**सवारी साधनको विवरण**

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | इन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|---|
| Hyindai Creta 1.6 Gasoline Base | बा १९ च ८७३७ | २०१८ | G4FGJW463665 | MALC181CLJM423383*E |

### सिराहा शाखा, सिराहा

| ऋणीको विवरण | | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| १. प्रदेश सरकार, प्रदेश २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.न.घ.उ.सि. ५९६८/०७१/०७२ अन्तर्गत मिति २०७१/१०/१४ मा दर्ता कायम भएको **एम.एम. सनराइज ज्वेलर्स**<br>फर्म दर्ता ठेगाना : सिराहा न.पा. -४, सिराहा<br>स्थायी लेखा नं. ६०२९६०७२६, मिति २०७१/१०/१४<br>**प्रोप्राइटर : मनजर हसन**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा** | २. प्रदेश सरकार, प्रदेश २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. १३७१०/२०७७/०७८ अन्तर्गत मिति २०७७/१०/२६ मा दर्ता कायम भएको **रमौल जनरल स्टोर**<br>फर्म दर्ता ठेगाना : सिराहा न.पा. -४, सिराहा<br>स्थायी लेखा नं. ६०२९६०७२६, मिति २०७७/१०/२६<br>**प्रोप्राइटर : मनजर हसन**<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | **मनजर हसन**<br>ना.प्र.नं. १५१०८७/१६६३०<br>जारी मिति २०६६/०५/२५<br>जि.प्र.का. सिराहा<br>बाबुको नाम : अव्दुल रहिम<br>बाजेको नाम : सेख आसीन<br>स्थायी ठेगाना : सिराहा न.पा. -४, सिराहा |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | | | |
|---|---|---|---|
| **अव्दुल रहिम**<br>ना.प्र.नं. ६०६६१८४९<br>जारी मिति २०४३/०८/१०<br>जि.प्र.का. सिराहा<br>बाबुको नाम : सेख आसीन<br>बाजेको नाम : सेख अजिजुल<br>स्थायी ठेगाना : सिराहा न.पा. -४, सिराहा | **हन्जला हसन**<br>ना.प्र.नं. १५-०१-७४-०६६४५<br>जारी मिति २०७४/०६/२३<br>जि.प्र.का. सिराहा<br>बाबुको नाम : अव्दुल रहिम<br>बाजेको नाम : सेख आसीन<br>स्थायी ठेगाना : सिराहा न.पा. -४, सिराहा | **मोहम्मद रेजा हसन**<br>ना.प्र.नं. १५१०८७/१२९६<br>जारी मिति २०६६/०९/२९<br>जि.प्र.का. सिराहा<br>बाबुको नाम : अव्दुल रहिम<br>बाजेको नाम : सेख आसीन<br>स्थायी ठेगाना : सिराहा न.पा. -४, सिराहा | **मलका सिद्दिकी**<br>ना.प्र.नं. १५-०१-७७-०६७८६<br>जारी मिति २०७७/०९/२७, जि.प्र.का. सिरहा<br>बाबुको नाम : क्रमरे आलम<br>पतिको नाम : मनजर हसन<br>ससुराको नाम : अव्दुल रहिम<br>स्थायी ठेगाना : सिराहा न.पा. -४, सिराहा<br>**(ऋणी रमौल जनरल स्टोरका लागि मात्र व्यक्तिगत जमानत)** |

**धितोको विवरण**

**घरजग्गाको विवरण**

सेख अजिजुलको नाति, सेख आसिनको छोरा, अब्दुल रहिमको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला, मखनाहा गा.वि.स./न.पा. वडा नं. ४ (सिराहा न.पा. वडा नं. ३ को कार्यालय नजिक) स्थित कि.नं. ३७४ को क्षेत्रफल ०-१-१०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### मन्थली शाखा, रामेछाप

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | |
|---|---|---|
| **कुवेर कुमार श्रेष्ठ**<br>ना.प्र.नं. ३३३६६, जारी मिति २०५३/०७/०६, जि.प्र.का. रामेछाप<br>बाबुको नाम : मोहन बहादुर श्रेष्ठ<br>बाजेको नाम : कृति बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना : रामेछाप -४, रामेछाप<br>हालको ठेगाना : रामेछाप न.पा. -८, रामेछाप<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | **निर्मला श्रेष्ठ**<br>ना.प्र.नं. ५९२१९, जारी मिति २०५९/११/०५, जि.प्र.का. रामेछाप<br>बाबुको नाम : भक्त बहादुर श्रेष्ठ<br>पतिको नाम : कुवेर कुमार श्रेष्ठ<br>ससुराको नाम : मोहन बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना : रामेछाप -४, रामेछाप<br>हालको ठेगाना : रामेछाप न.पा. -८, रामेछाप | **अर्विन कुमार श्रेष्ठ**<br>ना.प्र.नं. २११०३०/४४७८०/५८८८<br>जारी मिति २०५६/१०/११<br>जि.प्र.का. रामेछाप<br>बाबुको नाम : ज्ञान लाल श्रेष्ठ<br>बाजेको नाम : हिरा काजी श्रेष्ठ<br>स्थायी ठेगाना : मन्थली -४, रामेछाप<br>हालको ठेगाना : रामेछाप न.पा. -८, रामेछाप |

**धितोको विवरण**

**जग्गाको विवरण**

कृति बहादुर श्रेष्ठको नाति, मोहन बहादुर श्रेष्ठको छोरा, कुवेर कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय रामेछापमा दर्ता श्रेस्ता कायम रहेको रामेछाप जिल्ला, भंगेरी गा.वि.स./न.पा. वडा नं. ४ ख (धारापानी चोक नजिक) स्थित कि.नं. २७९ र २५२ को क्षेत्रफल क्रमशः १-१३-०-० र ३-१३-०-० रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समाबेश गरी पेश गर्नु पर्नेछ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना व्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ मंसिर २८ गते (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति : २०८१ पौष ०१ गते**
**समय : दिउँसो ३ बजे**
**स्थान : सम्बन्धित शाखा कार्यालयमा**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**कर्पोरेट कार्यालय : कमलादी, काठमाडौं**
**फोन नं.: ०१-५३२८६७१/५३२६३४७**
**ग्लोबल कनेक्ट : ०१-५९७०६००**

यदि राष्ट्रिय ऋण अत्यधिक छैन भने त्यस्तो ऋण वरदान हुन्छ ।
**- अलेक्जेन्डर ह्यामिल्टन**

## सम्पादकीय

# पोखरा विमानस्थलमा आशा

**निर्माण सम्पन्न भई उद्घाटन भएको २ वर्षसम्म पनि नियमित अन्तरराष्ट्रिय उडान नपाएको क्षेत्रीय स्तरको पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा चिनियाँ लगानीको हिमालय एयरलाइन्सले उडानका लागि प्रस्ताव गरेको छ । एउटा कम्पनीले मात्रै उडानका लागि प्रस्ताव गर्नु पनि अहिले सकारात्मक छ । यसले भोलिका दिनमा चिनियाँ वायु सेवाका लागि ढोका खोल्ने देखिन्छ ।**

**पोखरामा अन्तरराष्ट्रिय विमानस्थल बनाउन व्यावसायिक सम्भाव्यताभन्दा स्थानीय र राजनीतिक नेतृत्वको दबाब थियो । स्थानीय पर्यटन व्यवसायीले पोखरामा अन्तरराष्ट्रिय विमानस्थल बने प्रत्यक्ष उडानबाट पोखरा आउने पर्यटक बढ्ने अपेक्षा गरेका थिए । तर, विमानस्थल बने पनि नियमित अन्तरराष्ट्रिय उडान हुन सकेको छैन । उद्घाटन भएपछि एकाध अन्तरराष्ट्रिय चार्टर उडानमात्रै भएको छ । अन्य बहुपक्षीय दातृ निकायसँगभन्दा चीनसँग चर्को ब्याजदरमा ऋण लिएकाले यो ऋण कसरी तिर्ने भन्ने चिन्ता थपिएको छ । यद्यपि पूर्वाधारहरू निर्माण सम्पन्न हुनेबित्तिकै उपयोगमा आइहाल्ने हुँदैन । त्यसका लागि केही समय लाग्छ । नियमित अन्तरराष्ट्रिय उडान नभएपछि सरकारले त्यहाँबाट उडान गर्ने वायुसेवा कम्पनीलाई केही सहुलियत र छूट दिने नीति लिएको छ । त्यही भएर अहिले तिब्बती लगानी भएको हिमालय एयरलाइन्सले पोखराबाट उडानका लागि प्रस्ताव गरेको देखिन्छ ।**

**अहिले हिमालयले साताको सोमवार काठमाडौं–ल्हासा र ल्हासा–पोखरा, मंगलवार पोखरा–ल्हासा, ल्हासा–काठमाडौं र बुधवार काठमाडौं–ल्हासा र ल्हासा–काठमाडौं र शुक्रवार काठमाडौं–ल्हासा र ल्हासा–काठमाडौं गन्तव्यमा उडान गर्ने स्वीकृति मागेको छ । पर्यटन बजार विस्तारका लागि यो उडान निकै सहयोगी हुने देखिन्छ । विगतमा काठमाडौंबाट तातोपानी हुँदै तिब्बत जाने र तिब्बतबाट तातोपानी हुँदै नेपाल भित्रने पर्यटकको संख्या उल्लेख्य थियो । ल्हासा–काठमाडौं बस सेवा पनि सञ्चालनमा आएको थियो । तर, अहिले पर्यटनको लहर निकै कम भएको छ । यद्यपि फाट्टफुट्ट यही रूटमा पर्यटकको**

**चिनियाँ पर्यटक बढ्न थालेपछि चिनियाँ वायु सेवा कम्पनीहरू स्वतः पोखरा जान थाल्नेछन् । त्यसका लागि पोखराबाट विभिन्न सेवाहरू पनि दिने व्यवस्था गरिनुपर्छ ।**

**आवागमन भने भइरहेको छ । हिमालयको उडानले यसलाई नयाँ उचाइमा पुर्‍याउन सक्ने देखिन्छ ।**

**विश्व पर्यटन क्षेत्रमा सबभन्दा ठूलो हिस्सा चिनियाँ पर्यटकले लिएका छन् । हरेक वर्ष करोडौं चिनियाँहरू विदेश भ्रमणमा जान्छन् । सीमा जोडिएको र स्थलमार्गबाट पनि भ्रमण गर्न सकिने भएकाले चिनियाँका लागि नेपाल सहज र सस्तो गन्तव्य हुन सक्छ । तर, हवाई भाडा महँगो भएकाले उनीहरू नेपाल नआएको देखिन्छ । नेपाल नजिकै रहेको चीनको तिब्बत स्वायत्त प्रदेशमा घुम्न जाने पर्यटकको तीन प्रतिशत अंश मात्र नेपाल तान्न सक्ने हो भने वर्षमा सरदर १० लाखभन्दा बढी पर्यटक तिब्बतबाट मात्रै नेपाल ल्याउन सकिन्छ ।**

**तिब्बतको आयको मुख्य आधार पर्यटन हो । २०२३ मा मात्र ५ करोड ५१ लाख ७० हजार स्वदेशी र विदेशी पर्यटकले तिब्बत भ्रमण गरेको चिनियाँ तथ्यांक छ । त्यसैले तिब्बतबाट पोखरा प्रत्यक्ष उडान हुने हो भने लाखौं पर्यटक ल्याउन सकिन्छ । पोखरा चिनियाँहरूले निकै मन पराएको पर्यटकीय स्थल हो । उनीहरू पदयात्राभन्दा पनि साहसिक खेलहरूमा बढी रमाउँछन् । त्यस्तो अवसर पोखरामा बढी छ र त्यसमा अझै लगानी बढाउनुपर्ने हुन्छ । उनीहरूलाई सांस्कृतिक धरोहर वा धार्मिक स्थलसँग खासै चासो नहुँदा सीधै पोखरा जान पाउँदा बढी चिनियाँ पर्यटक ल्याउन सकिन्छ । चिनियाँ पर्यटक बढ्न थालेपछि चिनियाँ वायु सेवा कम्पनीहरू स्वतः पोखरा जान थाल्नेछन् । त्यसका लागि पोखराबाट विभिन्न सेवाहरू पनि दिने व्यवस्था गरिनुपर्छ ।**

**अहिले नेपाली व्यवसायीहरूले तिब्बतलगायतका चीनका अन्य शहरहरूमा गएर पर्यटन प्रवर्द्धनका कार्यक्रमहरू पनि गरेका छन् । तिब्बतको आर्थिक विकास हुँदै गएकाले तिब्बतीहरू पनि नेपाल आउन सक्छन् । प्रधानमन्त्री केपी शर्मा ओली चीनको भ्रमणमा जाँदै हुनुहुन्छ । यस भ्रमणमा नेपाल वायु सेवा निगमलाई चीनका केही शहरमा उडानको अनुमति दिलाउनका लागि कूटनीतिक पहल हुन आवश्यक छ । त्यसो भएमा सस्तो सेवा दिएर निगमले त्यहाँबाट पर्यटक नेपाल ल्याउन सक्छ ।**

आर्थिक अभियान

## १० वर्षअघिको आर्थिक अभियानबाट

# बिप्पा मापदण्ड बन्दै

सरकारले विभिन्न देशसँग द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (बिप्पा)को न्यूनतम मापदण्ड बनाउने भएको छ । मापदण्ड बनाउन उद्योग मन्त्रालयको औद्योगिक प्रवर्द्धन महाशाखा प्रमुखको संयोजकत्वमा ६ सदस्यीय स्थायी संयन्त्र निर्माण गरिसकिएको उद्योग मन्त्रालयकी सहसचिव यामकुमारी खतिवडाले अभियानलाई बताइन् । '२ महीनाअघि गठन भएको संयन्त्रले काम थालिसकेको छ,' उनले भनिन्, 'न्यूनतम मापदण्ड तयार भएपछि थुप्रै देशसँग बिप्पा सम्झौताका लागि वातावरण सहज बन्नेछ ।' संयन्त्रमा वाणिज्य तथा आपूर्ति, परराष्ट्र, कानून तथा अर्थ मन्त्रालय र उद्योग विभागका कम्तीमा उपसचिव स्तरका एक/एक जनाको प्रतिनिधित्व रहनेछ ।

गतवर्ष भारतसँग सम्पन्न बिप्पा सम्झौताका अधिकांश बुँदालाई आधार मानेर नै न्यूनतम मापदण्ड तयार गरिने उद्योग मन्त्रालयका एक अधिकारीले जानकारी दिए । अहिलेसम्म न्यूनतम मापदण्ड बन्न नसक्दा विभिन्न ६ ओटा देशसँग बिप्पा सम्झौता भए पनि अपेक्षित लगानी भित्रिन नसकेको ती अधिकारीको भनाइ छ । नेपालले अहिलेसम्म भारत, बेलायत, फ्रान्स, मौरिसस, जर्मनी र फिनल्याण्डसँग बिप्पा सम्झौता गरिसकेको छ । सरकारले अन्य चारओटा देशसँग पनि बिप्पा सम्झौता गर्ने बताउँदै आएको छ । तर, अहिले ती देशसँगको तयारी भने प्रभावकारी बन्न सकेको छैन ।


**वर्ष ८, अंक ७५, सोमवार १८ मङ्सिर, २०६९**

# प्रधानमन्त्रीको चीन भ्रमणमा विवाद

## बीआरआईमा ऋण लिन किन डराउने ?

यही मंसिर १७ गतेदेखि शुरू हुने भनिएको प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका एजेन्डामा यतिखेर अर्थराजनीतिक वृत्तमा निकै चर्चा भएको छ र यसलाई चासोका साथ हेरिएको छ । प्रधानमन्त्री ओलीले भ्रमणका एजेन्डाबारे पूर्वप्रधानमन्त्री र पूर्वपरराष्ट्र मन्त्रीहरूसँग मन्थन गरिसक्नुभएको छ । नेपालको आर्थिक सरोकारहरूमा बढी चर्चामा रहेको चीनको महत्त्वाकांक्षी परियोजना बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) र यो योजनासँगै जोडिएको ऋणको चर्चा यतिखेर चुलीमा छ । चौथो पटक प्रधानमन्त्री बनेपछि निकट छिमेक चीन जान लाग्नुभएका ओलीको यो भ्रमणलाई भारतले भाउ नदिनुको परिणतिको अर्थ लगाउनेहरूको पनि कमी छैन । प्रधानमन्त्री नियुक्त भएपछि भारतले अहिलेसम्म भ्रमणको निम्तो नदिएकै कारण पहिलो भ्रमण उत्तर छिमेकतिर हुन लागेको बुझाइ छ । प्रधानमन्त्री हुनेबित्तिकै दक्षिण कि उत्तर कुन छिमेकको भ्रमण पहिला हुन्छ, यो सामान्यतः त्यति महत्त्वको विषय नभए पनि भारतले परराष्ट्रमन्त्रीको रूपमा आरजु राणालाई दिएको 'अभूतपूर्व सम्मान'को दृश्यावलीमा प्रधानमन्त्री ओलीलाई अहिलेसम्म भारतबाट भ्रमणको निम्तो नआउनु र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई निम्तो दिँदासमेत भ्रमण निश्चित नहुनुलाई भारतीय सत्ताको मनोविज्ञानका रूपमा विश्लेषण गरिनु अन्यथा होइन ।

नेपालका अधिकांश आर्थिक र सामाजिक सरोकार समेटिएको भारतसँगको कुशल कूटनीतिक सम्बन्धमै आपसी हित प्रवर्द्धन हुन सक्दछ भन्नेमा सत्ता राजनीति सचेत हुनु जति वाञ्छनीय हुन्छ, हामीसँग सबैभन्दा निकट सम्बन्ध र सम्भावनायुक्त छिमेकीसँगको सम्बन्धहरू त्यति नै विरोधाभासमा बढी जेलिएका छन् । आर्थिक शक्तिको रूपमा उदीयमान दुई विशाल अर्थतन्त्रको बीचमा रहेर हामी अहिले पनि एउटालाई देखाएर अर्कोलाई दबाबमा राख्ने पञ्चायतकालीन कूटनीति अपनाइरहेका छौं । हामीले जसलाई देखाएर एकअर्कालाई घुर्की लगाउन खोजिरहेका छौं, ती देश आफैमा आर्थिक र सामरिक रूपमा एअर्काका प्रतिस्पर्धी भएर पनि आर्थिक स्वार्थका हिसाबले आवश्यकता हुन् भन्ने कुरालाई बेवास्ता गरिराखेका छौं । परिणाम, सार्वभौमिक रूपमा समान हैसियत भन्न रुचाउने हामी प्रधानमन्त्री नियुक्त हुनासाथ भारतले भ्रमणमा बोलायो कि बोलाएन भन्नेजस्तो कुरामा अल्मलिने अवस्था छ । यसै यो मानसिकताले यसै जरो गाडेको होइन, राजनीतिले छिमेक सम्बन्धलाई आपसी हित र सहकार्यको आधारभन्दा पनि राजनीतिक आग्रह बढी ठान्ने प्रवृत्ति मूल समस्या हो । आजको विश्व सम्बन्ध राजनीतिक आग्रह र पूर्वाग्रहमा होइन, आर्थिक स्वार्थलाई अग्रभागमा राखेर अगाडि बढिरहेको तथ्यलाई बेवास्ता गर्नु नै आर्थिक शक्तिका रूपमा उदाएका राष्ट्रबाट अपेक्षित लाभ लिन नसक्नुको कारण हो ।



**आजको विश्व सम्बन्ध राजनीतिक आग्रह र पूर्वाग्रहमा होइन, आर्थिक स्वार्थलाई अग्रभागमा राखेर अगाडि बढिरहेको तथ्यलाई बेवास्ता गर्नु नै आर्थिक शक्तिको रूपमा उदाएका राष्ट्रबाट अपेक्षित लाभ लिन नसक्नुको कारण हो ।**

**- ओमप्रकाश खनाल**

देशको कार्यकारी प्रमुखको छिमेक भ्रमण केवल औपचारिकतामा मात्रै सीमित हुनु हुँदैन । प्रधानमन्त्रीको कुर्सीमा उक्लिनासाथ कुन देशको भ्रमण पहिला हुने भन्दा पनि कुन एजेन्डामा भ्रमण केन्द्रित हुने भन्ने मूल प्रश्न हुनुपर्छ । अहिलेसम्मका भारत र चीन भ्रमणमा वर्षौंदेखि एकै खालका एजेन्डाहरूको पुनरावृत्ति भइआएको छ । यस्ता उच्चस्तरीय भ्रमण वैचारिक आग्रह र निकटताभन्दा आपसी आर्थिक हित सम्बोधनमा कत्तिको प्रभावकारी भए कि भएनन् भन्नेलाई उपलब्धिको मानक मानिनुपर्छ । प्रधानमन्त्रीबाट हुने प्रत्येक भ्रमणअघि यस्ता विषयमा सुझाव लिने काम हुन्छन् । तर, ती अधिकांश त औपचारिकतामै सीमित भएका छन् । आसन्न चीन भ्रमण चीनको आर्थिक विकासको गतिबाट हाम्रो अर्थतन्त्रले कसरी लाभ लिन सक्छ र त्यसका लागि चीनका सरोकारहरूलाई राष्ट्रिय हितअनुकूल हुने गरी कुन तरीकाले सम्बोधन गर्न सकिन्छ भन्ने नै मुख्य उद्देश्य हुनुपर्छ । चीन र भारतको प्रतिस्पर्धा होओस् वा अमेरिका र चीनको व्यापार युद्ध यी कुनै राजनीतिक वाद र विचारका लागि भएका होइनन् । यी आर्थिक शक्ति राष्ट्रहरूलाई आर्थिक हितको स्थार्थले नै प्रतिस्पर्धामा उतारिदिएको हो । यी राष्ट्रको सत्ता राजनीतिमा जुन विचार समूहको उदय होओस्, विदेश नीतिलाई राष्ट्रिय हितले डोर्‍याएको बुझ्न कठिन छैन । हामीकहाँ ठीक उल्टो, राजनीतिक आग्रह र भन्दा जे भनिए पनि सत्ताको आयु लम्ब्याउन छिमेक रिझाउने नीतिले मुख्य ठाउँ बनाएको छ ।

अहिले सत्ता राजनीतिका मुख्य साझेदार दलबीच बीआरआई कार्यान्वयनबारे चलिराखेको जुहारी पनि यसै प्रवृत्तिको निरन्तरता हो भन्नेमा आशंका आवश्यक छैन । कसैलाई बीआरआईको पक्षमा बोलेर एकातिर खुशी पार्नु परेको छ, अर्काथरिलाई विपक्षमा अडान र अत्तो थापेर अर्को छिमेकीको विश्वास जित्नु अवश्यक छ । राष्ट्रिय हित के हो र यो योजनाबाट कुन तरीकाले बढी लाभ उठाउन सकिन्छ भन्नेमा कमैमात्र चिन्तन प्रकट भएको छ । समस्या ऋण कि अनुदानमा होइन, त्यसको इमानदारीपूर्ण उपयोगमा त्यस्ता योजनाको औचित्य निहित हुन्छ । अर्थ मन्त्रालयका अनुसार अहिलेसम्म नेपालको ऋण २५ खर्ब २३ अर्ब रुपैयाँबराबर छ । त्यसमा आन्तरिक ऋण २१ दशमलव ६८ प्रतिशत र बाह्य ऋण २२ दशमलव ५६ प्रतिशत छ । यो रकम नेपालको कुल गार्हस्थ्य उत्पादनको ४४ प्रतिशत हो । चुनौती ऋणको अंक होइन, लिइएको ऋणलाई जनहितमा प्रभावकारी रूपमा खर्च गर्न नसक्नुचाहिँ चुनौती हो भन्ने सत्यलाई छोप्न खोजिएको छ ।

**भारतीय ऋणको औसत ब्याज १ दशमलव ४० प्रतिशत हुँदा चीनको ब्याजदर १ दशमलव ७५ प्रतिशत छ । जीडीपीको तुलनामा २५० प्रतिशतभन्दा बढी ऋण लिएको जापान आज विकासमा नमूना देश कसरी बनेको छ ? त्यसैले ऋणको सदुपयोग मुख्य कुरा हो ।**

नेपालले अहिलेसम्म १७ दातृ निकायबाट ऋण लिएको तथ्यांकले देखाउँछ । सबैभन्दा बढी ऋण विश्व बैंक समूहबाट ४८ दशमलव ८६ प्रतिशत र एशियाली विकास बैंकको ३२ दशमलव ४ प्रतिशत छ । द्विपक्षीय ऋण दिनेमा जापान सबैभन्दा अगाडि ४ दशमदव ०६ प्रतिशत, भारत ३ दशमलव २३ प्रतिशत र चीनको २ दशमलव ८२ प्रतिशत छ । बाह्य ऋणको अधिकांश अंश बहुपक्षीय निकायहरूबाट लिइएकाले ऋणको आकार चिन्ताको विषय नभएको बुझ्नेहरू पनि छन् । भारतीय ऋणको औसत ब्याज १ दशमलव ४० प्रतिशत हुँदा चीनको ब्याजदर १ दशमलव ७५ प्रतिशत छ । जीडीपीको तुलनामा २५० प्रतिशतभन्दा बढी ऋण लिएको जापान आज विकासमा नमूना देश कसरी बनेको छ ? ऋणको परिणाम र ऋण तिर्ने क्षमता एउटा पक्ष होला, तर ऋणको सदुपयोग मुख्य कुरा हो । दाताले दिएको अनुदानमा समेत भ्रष्टाचारका उदाहरणहरूको चाङमा ऋणको सही उपयोग कसरी हुन्छ ? मुख्य चिन्तनको विषय आज यो बन्नुपर्छ ।

नेपालले बीआरआईको समझदारीमा हस्ताक्षर गरेकै ७ वर्ष बितिसकेको छ । त्यसयता यो परियोजनाका नाममा विरोधाभासको खेती र राजनीतिक दाउपेचबाहेक अन्य कुनै उपलब्धि देख्न पाइएको छैन । चीनले यो परियोजनालाई आफ्नो विदेश नीतिको अभिन्न अंग माने पनि नेपालले आजसम्म ती योजनामध्ये एउटा पनि कार्यान्वयनमा ल्याएको छैन । तत्कालीन प्रधानमन्त्रीको रूपमा ओलीले चीनसित पारवहन तथा यातायात, स्वतन्त्र व्यापार, नेपालमा इन्धनको अन्वेषण, रेलमार्गमा सहयोगलगायतका १० बुँदे सम्झौता गरेका थिए । त्यतिबेला भारतले लगाएको अघोषित नाकाबन्दीको झोकमा व्यापार तथा पारवहनका समझदारी भए । चीनका ४ ओटा समुद्री र ६ ओटा सुक्खा बन्दरगाह उपायोगको समझदारी त्यति बेलै बनेको थियो । ती सम्झौतामा हस्ताक्षरका लागि गएका नेपाली अधिकारीहरूलाई चिनियाँ पक्षले प्रोटोकलमा तयारी नपुगेको भनेर फर्काइदिएका थिए । समझदारीको एक करीब १ दशकपछि पुनः प्रधानमन्त्रीकै रूपमा जान लाग्दा ती योजना कार्यान्वयन हुने कि नहुनेमा द्विविधा बोकेरै जानु कुन हदसम्मको कूटनीतिक कमजोरी हो ? सहजै अनुमान गर्न सकिन्छ ।

अहिलेसम्म बीआरआईअन्तर्गत विश्वका १ सय ५३ देशले ३ हजार भन्दा बढी योजनामा १ दशमलव ४ मिलियन डलरबराबराको लगानी लगाइसकेका छन् । स्मरण हुन्छ, अमेरिकी अनुदानको एमसीसीमा यतिसम्म राजनीति भयो कि त्यो परियोजना फिर्ता नै जाने स्थिति बनिसकेपछि अन्ततः कार्यान्वयनमा आयो । पहिला नै पर्याप्त गृहकार्य गरेको भए त्यो अवस्था आउने थिएन । चीनको २८ अर्ब ऋणमा पोखरा विमानस्थल बनाइसकेपछि त्यसलाई अनुदान बनाइदेउ भनेर अहिले कुरा उठिराखेको छ । योजना कार्यान्वयनमै यी कुराहरू किन स्पष्ट आउँदैनन् । चीनले स्वतस्फूर्त रूपमा मिनाहा गर्नु एउटा पक्ष हो, तर अहिलेको हारगुहारले कमजोर कूटनीतिलाई नै उजागर गर्ने हो ।

नेपालमा एमसीसी कार्यान्वयन हुँदा चीनले विरोध गर्छ । बीआरआईलाई भारत र अमेरिकाले रुचाउँदैनन् । बीआरआईको विरोध भारतीय इशारामा भइरहेको चिनियाँ बुझाइपछाडिको कारण के हो ? एउटा छिमेकीले गरेको लगानीमा अर्काले असहयोग गर्ने परिपाटी किन विस्तार भइरहेको छ ? चिनियाँ लगानीका उद्योग र उत्पादनले भारतीय बजारमा प्रवेश नपाउने अवस्था किन छ ? यो हाम्रो कूटनीति परिपक्व र सन्तुलित हुन नसक्नुकै परिणाम हो । हामी स्वतन्त्र, सन्तुलित र आर्थिक हितलक्षित उद्देश्यमा हिँड्न सकिरहेका छैनौं । छिमेकीले सधैं आशंकाको चस्माले नियालिराखेका छन् । चीनका योजनामा हामीले सतर्कतासहित आफ्नो हितलाई अग्रभागमा राख्नुपर्ने आग्रह अस्वाभाविक होइन, तर स्वार्थलक्षित विरोध र समर्थनले कदापि भलो पर्दैन । यो विदेश नीतिमा स्पष्ट दृष्टिकोणको अभाव र सत्ता स्वार्थको औजार बढी बनाउने प्रवृत्तिको उपज हो । कूटनीतिलाई सत्ता राजनीतिको हतियार बनाउने मनोविज्ञानको उपचार नभएसम्म यी उपक्रम राष्ट्रिय हितमा कदापि रूपान्तरण हुन सक्दैनन् ।

## पाठक पत्र

# नेवानि डुबाउने खेल

नेपाल वायु सेवा निगम सधैं भ्रष्टाचार हुने गरेको छ । सीचेकका लागि भन्दै इटालीमा विमान पठाउँदा नेपाल वायुसेवा निगमको उडान प्रभावित भयो । उसले व्यापार गर्न पाएन । यसमा पनि चलेखेलको आशंका गरिएको थियो । विडम्बना ती विमान आएर तिनैओटा विमानले अन्तरराष्ट्रिय उडान थालेपछि स्थायी पाइलटहरूले हडताल गरे । सिधै हडतालभन्दा कारबाहीमा परिने भएकाले सल्लाह गरेर सबै पाइलट एकैचोटि बिरामी भएको भनी बिदा लिए । यो भन्नु हडताल नै हो । सेवासुविधा कम भएकाले पाइलट पाउन गाह्रो छ । त्यसैले निगमले करारमा बढी पैसा दिएर पाइलट भर्ना गरेको छ जसको तलब स्थायीको भन्दा बढी छ । स्थायीको भन्दा करारको तलबभत्ता बढी नहुनु पर्ने हो । यसमा विमति छैन तर यही कारण अत्यावश्यक सेवामा हडताल गरिन्छ भने त्यो अराजकता हुन्छ । त्यसमा पनि घाटामा गएको संस्थामा गरिने हडताल निकै प्रत्युत्पादक हुन्छ । आफ्नो विमति र माग राख्ने अधिकार कर्मचारीलाई हुन्छ तर सेवा नै ठप्प पारेर कमाइको बाटो बन्द गर्नुचाहिँ बेइमानी नै हो ।

वायुसेवा निगमका स्थायी पाइलटले हडताल गरेका कारण निगमका अन्तरराष्ट्रिय उडान प्रभावित हुँदै आएको छ । पाइलटले जहाज उडाउनै नगएका कारण आइतवार दुईओटा उडान नै रद्द हुन पुग्यो । निगमले हडतालमा नउत्रिएका र करारका पाइलटमार्फत उडान व्यवस्थापन जसोतसो मिलाइरहेको छ । निगममा करारमा रहेका पाइलटसरहको तलबसुविधा पाउनुपर्ने भन्दै उनीहरूले हडताल गरेका थिए । निगमका स्थायी पाइलटले मासिक ५ देखि ६ लाख पाउँछन् भने पेन्सनसहितका सुविधा पाउँछन् । रोजगारीको ग्यारेन्टी हुन्छ । तर, अस्थायी क्याप्टेनले स्थायीको भन्दा ३/४ लाख रुपैयाँ बढी रकम पाउने भए पनि पेन्सन तथा रोजगारीको ग्यारेन्टी हुँदैन । पाइलटले अत्यावश्यक सेवा अवरुद्ध गर्दै हडताल गर्दा निगमलाई आर्थिक क्षति मात्रै नभएर यसको शाखमै असर परेको छ । निगम सरकारी वायुसेवा भएकाले अत्यावश्यक सेवामा हडताल गर्नु गैरजिम्मेवारीको पराकाष्ठा हो । निगमलाई व्यावसायिक बनाउन नदिने कारण पनि यही हो । यस्तो निगमलाई निजीकरण गर्ने हो भने बल्ल कर्मचारीको मनपरी घट्ने थियो । अन्यथा यस्तो समस्या सधैं आइरहने देखिन्छ ।

*सोम सुवेदी*
*कपन, काठमाडौं ।*

# शेयर बजार र मरन्च्याँसे साँढे

सेयर बजारमा बुलिस ट्रेन्ड झल्काउन संसारभरि नै साँढेको प्रतिमा राख्ने चलन छ । तर, नेपालमा राखिएको साँढे भने मरन्च्याँसे जस्तो देखिएको छ । कतिपयले यो प्रतिमा साँढेको हो कि बाछोको हो भनेर मजाक उडाइरहेका छन् । नेपालको शेयर बजार नै गएगुज्रेको छ । यो कहिल्यै उँभो लाग्दैन । नराम्रा कम्पनीको मूल्य उचालिन्छ, राम्रा कम्पनीको मूल्य बढ्दैन । समस्याग्रस्त घोषणा गरिएको कम्पनीको मूल्य सबल कम्पनीको भन्दा ज्यादा छ ।

त्यसैले नेपालको शेयर बजारलाई व्यंग्य गर्ने गरी साँढे बनाइएको छ भन्न सकिन्छ । सामान्यतया तलबाट माथि सिङ उज्याउँदै आक्रमण गर्ने तयारीमा रहेको साँढेलाई सेयर बजारको बढ्दो प्रवृत्तिको प्रतिबिम्बका रूपमा लिइन्छ । यस्तो साँढेलाई 'चार्जिङ बुल' भनिन्छ । सबै देशको शेयर बजारमा यस्तै साँढे राखिएको हुन्छ तर नेपालमा भने हेर्दै विरक्त लाग्दो साँढे राखिएको छ । नेपाल स्टक एक्सचेन्जको प्रांगणमा राखिएको साँढेको सिङ उज्याएको देखिन्न । आँखाको भाव पनि सामान्य छ । साँढेको आकार-प्रकार पनि सानो छ ।


यो प्रतिमाको डिजाइन नेप्से सञ्चालक समितिले स्वीकृत गरेको हो । अहिले विश्वमा सबभन्दा राम्रो देखिने अमेरिकाको न्यूयोर्क स्टक एक्सचेन्जमा रहेको साँढेको प्रतिमा हो । सबैले त्यही हेरेको आधारमा तुलना गर्दा केही नराम्रो देखिएको हुन सक्छ भनेर नेप्सेका अधिकारीहरू आफ्नो तर्क राख्छन् । शेयर जस्तो राखे पनि शेयर बजार भने स्वच्छ छैन । नियामक निकायमा नै चलखेल भएको आशंका छ । नियामकले पैसा खाएर बुक बिल्डिङ गराएको भनी समाचार आएको थियो । केही खेलाडीले बजारमा चलखेल गरेको स्पष्टै देखिन्छ । राम्रा कम्पनी छान्नेले फाइदा लिन सकेका छैनन् भने चलखेल गर्नेले राम्रै कमाएका छन् ।

*रामप्रसाद कार्की*
*कलंकी, काठमाडौं ।*

### आर्थिक वर्ष २०८१/८२ मा असोजसम्म आयात भएको दूध (रु हजारमा)

| हार्मोनिक सिस्टमकोड | विवरण | मुलुक | एकाइ | परिमाण | आयात मूल्य | भन्सार राजस्व |
|---|---|---|---|---|---|---|
| ४०२१०१० | स्किम्ड मिल्क पाउडर | कुवेत | केजी | २ | १ | १ |
| ०४०२१०२० | शिशुका लागि दूध | अस्ट्रेलिया | केजी | १ | ० | ० |
| ०४०२१०२० | शिशुका लागि दूध | भारत | केजी | ७९,३९७ | ११२,२६४ | ४२,७७४ |
| ०४०२१०२० | शिशुका लागि दूध | बेलायत | केजी | २ | १७ | ६ |
| ०४०२१०२० | शिशुका लागि दूध | अमेरिका | केजी | १ | ९ | ३ |
| ०४०२१०९० | पाउडर दूध | अस्ट्रेलिया | केजी | ९ | १० | ७ |
| ०४०२१०९० | पाउडर दूध | जर्मनी | केजी | २ | ५ | ४ |
| ०४०२१०९० | पाउडर दूध | भारत | केजी | २ | १ | ० |
| ०४०२१०९० | पाउडर दूध | जापान | केजी | ६० | ९२ | ६१ |
| ०४०२१०९० | पाउडर दूध | स्विटजरल्यान्ड | केजी | ६ | ८ | ५ |
| ०४०२१०९० | पाउडर दूध | बेलायत | केजी | १८ | ७ | ५ |
| ०४०२१०९० | पाउडर दूध | अमेरिका | केजी | १२ | ६७ | ४५ |
| ०४०२२१०० | पाउडर दूध | चीन | केजी | ६ | ४ | ० |
| ०४०२२१०० | पाउडर दूध | भारत | केजी | १६ | ३ | २ |
| ०४०२२१०० | पाउडर दूध | जापान | केजी | ३ | ५ | ३ |
| ०४०२२१०० | पाउडर दूध | कुवेत | केजी | १०५ | ११३ | ७३ |
| ०४०२२१०० | पाउडर दूध | ओमन | केजी | ९ | ९ | ६ |
| ०४०२२१०० | पाउडर दूध | कतार | केजी | १९१ | ११८ | ७८ |
| ०४०२२१०० | पाउडर दूध | सउदी अरब | केजी | ८ | ५ | ४ |
| ०४०२२१०० | पाउडर दूध | युएई | केजी | २१ | २ | १ |
| ०४०२२९१० | शिशुका लागि दूध | बहराइन | केजी | १९ | ७ | ३ |
| ०४०२२९१० | शिशुका लागि दूध | हङकङ | केजी | ६३ | २२ | ८ |
| ०४०२२९१० | शिशुका लागि दूध | भारत | केजी | १४२,९८८ | १८१,८११ | ६७,४९० |
| ०४०२२९१० | शिशुका लागि दूध | जापान | केजी | ३० | ७ | २ |
| ०४०२२९१० | शिशुका लागि दूध | कुवेत | केजी | ४ | १ | ० |
| ०४०२२९१० | शिशुका लागि दूध | मलेसिया | केजी | ३९ | ६ | २ |
| ०४०२२९१० | शिशुका लागि दूध | ओमन | केजी | २० | ६ | २ |
| ०४०२२९१० | शिशुका लागि दूध | कतार | केजी | १२१ | २२ | ८ |
| ०४०२२९१० | शिशुका लागि दूध | सउदी अरब | केजी | ३२ | ७ | ३ |
| ०४०२२९१० | शिशुका लागि दूध | बेलायत | केजी | ४,४१२ | ८,१९२ | ३,०३९ |
| ०४०२२९१० | शिशुका लागि दूध | अमेरिका | केजी | २ | ११ | ४ |
| ०४०२२९९० | पाउडर दूध | युएई | केजी | ९३६ | १३० | ८८ |
| ०४०२२९९० | पाउडर दूध | बेलायत | केजी | १० | ४ | २ |
| ०४०३९००० | वटर मिल्क | भारत | केजी | ४,७६३ | ५९७ | १८८ |
| ०४०३९००० | वटर मिल्क | स्पेन | केजी | ७,९१९ | ४,८८८ | १,५३७ |
| ०४०४१००० | ह्वे | टर्कीये | केजी | ५०,००० | ७,७०४ | २,४२३ |
| ०४०४९००० | शुद्ध दूध | भारत | केजी | ३२२ | ५३ | १६ |

*स्रोत : भन्सार विभाग*



तस्वीर : रासस

मुगुको छायाँनाथ रारा नगरपालिका–९, सल्लेरीमा सामान लिएर जाँदै गरेका खच्चडहरू । यहाँ आधुनिक यातायातका साधन नभएको हुँदा सामान ढुवानीमा घोडा, खच्चड प्रयोग गरिन्छ ।

### औषधिको मूल्य समायोजनमा विरोधाभास

# समायोजनको नाममा स्टन्ट गर्न खोजियो : व्यवसायी

**ओमप्रकाश खनाल**

वीरगञ्ज

सरकारले अघि बढाएको औषधिको मूल्य समायोजनको तयारीप्रति औषधि उत्पादक र आयातकर्ता सशंकित भएका छन् । मूल्य समायोजनको नाममा मूल्य घटाएर 'राजनीतिक लोकप्रियता आर्जन गर्न खोजेको' आरोप व्यवसायीको छ । सर्वसाधारणको स्वास्थ्यसँग जोडिएको औषधिको विषयमा सत्तामा बस्नेहरूले 'स्टन्ट' गर्न खोजेको भन्दै उनीहरूले यसले औषधिको उत्पादन तथा आपूर्ति दुवै अस्तव्यस्त हुने चेतावनी दिएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपभोक्तालाई उचित मूल्यमा औषधि उपलब्ध गराउन भन्दै समायोजनको तयारी तीव्र पारेपछि सरकारले एकपक्षीय रूपमा मूल्य समायोजन गर्न लागेको आरोप औषधि उत्पादक र आयातकर्ताले लगाएका हुन् ।

'२०६४ सालदेखि औषधिको मूल्य समायोजन हुन सकेको छैन । कच्चा पदार्थको भाउ कहाँबाट कहाँ पुगिसक्यो । दुई दशकसम्म सिटामोल र जीवनजलजस्ता औषधि पुरानै मूल्यमा विक्री भइरहेको छ । अहिले हठात् एकपक्षीय रूपमा मूल्य घटाउने खेल भए त्यसले संकट निम्त्याउँछ,' नेपाल औषधि उत्पादक संघका वरिष्ठ उपाध्यक्ष प्रभात रुङ्गटाले आर्थिक अभियानसँग भने ।

सरकारले २०६४ सालमा २४ र २०७३ सालमा ९६ प्रकारका औषधिको मूल्य तोकेको थियो । तर, २०६४ मा तोकिएको मूल्य समायोजन नगरी २०७३ मा थप औषधिको मूल्य तोकिएकोमा उत्पादकहरूले आपत्ति जनाएका थिए । सर्वसाधारणको स्वास्थ्यसँग जोडिएको औषधिको उत्पादन र बजारलाई 'राजनीतिक लोकप्रियता बटुल्ने उपाय' बनाउन नहुने सुझाव वरिष्ठ उपाध्यक्ष रुङ्गटाको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले औषधिको मूल्य समायोजनलाई प्राथमिकतामा राखेका छन् । मन्त्रालयले मूल्य समायोजनका लागि सुझाव उपलब्ध गराउन भन्दै डा. पोषराज पाण्डेको संयोजकत्वमा सुझाव समिति बनाएको छ ।

**मूल्य समायोजन गर्दा औषधिको लागत, गुणस्तरको मापदण्डलगायत पक्षलाई ध्यान दिनुपर्ने व्यवसायीको भनाइ छ ।**

समितिमा स्वास्थ्य क्षेत्रका विज्ञ, औषधि व्यवस्था विभाग, नेपाल मेडिकल काउन्सिल, औषधि उत्पादकलगायतका प्रतिनिधि राखिएका छन् । यस्ता समितिमा निजीक्षेत्रका कुरा नसुनिने र एकपक्षीय रूपमा निर्णय लाद्ने गरिएको गुनासो उद्यमीहरूको छ ।

समायोजनपछि कतिपय औषधिको मूल्य घट्ने र कतिको बढ्ने पनि भएकाले नकारात्मक रूपमा लिन नहुने सरोकारका सरकारी अधिकारीले बताउँदै आएका छन् ।

औषधिको मूल्य समायोजन आफूहरूको पनि माग भएको भन्दै रुङ्गटाले थपे, 'हामीले वर्षौंदेखि औषधिको मूल्य समायोजन हुनुपर्छ भनिरहेका छौं । तर, त्यो काम लहडको भरमा वा एकपक्षीय भएर हुँदैन । बजार र अन्तरराष्ट्रिय अभ्यासका आधारमा समायोजन हुनुपर्छ भन्ने हाम्रो स्पष्ट अडान हो ।'

मूल्य समायोजन गर्दा औषधिको लागत, गुणस्तरको मापदण्डलगायत पक्षलाई ध्यान दिनुपर्ने व्यवसायीको भनाइ छ । अन्तरराष्ट्रिय मापदण्ड र अभ्यासका अधारमा समायोजन हुनुपर्ने उनीहरूको माग छ । एकतर्फी समायोजन भएमा औषधि उत्पादन र आयात दुवै खुम्चिने चेतावनी उनीहरूले दिएका छन् ।

नेपाल औषधि व्यवसायी संघका अध्यक्ष प्रकाश खण्डेलवाल औषधिको मूल्य बजारअनुरूप नभएमा स्वदेशी उद्योगले नबनाउने र आयात समेत नहुने दाबी गर्दछन् । 'यो स्थितिमा स्वदेशमा औषधिको अभाव हुने र उपभोक्ता थप समस्यामा पर्ने स्थिति हुन्छ । त्यो अवस्था नआओस् भन्नका लागि सरकारले यसको गम्भीरता बुझ्नुपर्दछ,' अध्यक्ष खण्डेलवालले भने ।

अहिले कुल औषधि खपतमध्ये स्वदेशी उद्योगले ४५ प्रतिशत, भारतबाट ५० प्रतिशत र अन्य देशबाट ५ प्रतिशत आपूर्ति भइरहेको औषधि उत्पादकले बताएका छन् । सरकारले स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्नेगरी मूल्य समायोजन अघि बढाउनुपर्ने सुझाव रुङ्गटाको छ । रुङ्गटाका अनुसार उद्योगमैत्री नीतिको अभावमा अहिले स्वदेशका ८२ उद्योगमध्ये ५ दर्जनभन्दा बढी उद्योग बन्द हुने स्थितिमा पुगिसकेका छन् ।

बाँकी पृष्ठ १ बाट ...

### करीब डेढ ...

वर्ल्डलिंकका अध्यक्ष दिलीप अग्रवालले भने, 'फिनफन्डको लगानी नेपालका हरेक कुनामा तीव्र, भरपर्दो र किफायती इन्टरनेट नेटवर्क पुर्‍याउने हाम्रो लक्ष्यमा महत्त्वपूर्ण कोसेढुंगा साबित हुनेछ । हाम्रो फाइबर नेटवर्क विस्तार र विश्वस्तरीय डेटा सेन्टर स्थापना गरेर हामी शहर र ग्रामीण क्षेत्रबीचको डिजिटल ग्याप हटाउन र देशभर डिजिटल रूपान्तरणलाई गति दिन चाहन्छौं ।'

वर्ल्डलिंक नेपालकै सबैभन्दा ठूलो फिक्स्ड ब्रोडब्यान्ड इन्टरनेट सेवाप्रदायक हो । यस कम्पनीले ५ हजारभन्दा बढीलाई रोजगारी दिएको दाबी गरेको छ । नेपालमा ३५ प्रतिशत ब्रोडब्यान्ड बजार अंशसहित ९ लाखभन्दा बढी घरपरिवारमा सेवा उपलब्ध गराउँदै आएको वर्ल्डलिंकले बताएको छ । वर्ल्डलिंकले यसअघि पनि ब्रिटिश इन्टरनेशनल इन्भेस्टमेन्ट (बीआईआई) र डोल्मा इम्प्याक्ट फन्ड (डीआईएफआईआई) मार्फत विदेशी लगानी भित्र्याएको थियो ।

फिनफन्ड एक विकास वित्त संस्था (डीएफआई) हो, जसले दिगो भविष्य निर्माण गर्न र वैश्विक विकास चुनौतीहरू समाधान गर्न विभिन्न व्यवसायमा लगानी गर्छ । फिनफन्डको ध्यान नवीकरणीय ऊर्जा, दिगो वन, दिगो कृषि, वित्तीय संस्था र डिजिटल पूर्वाधार जस्ता दिगो विकासका महत्त्वपूर्ण क्षेत्रहरूमा रहेको यसले बताएको छ ।

उसले विश्वव्यापी विकास चुनौतीको समाधान गर्ने क्षेत्रमा विकासशील मुलुकहरूमा लगानी गर्दै आएको छ । फिनफन्डले हरेक वर्ष २० देखि २० करोड यूरो लगानी गर्ने गरेको बताएको छ । उसले हालसम्म १ अर्ब २२ करोड यूरो लगानी गरिसकेको र त्यसमध्ये आधा अफ्रिकामा भएको पनि बताएको छ ।

#### नयाँ अनुमति प्रदान

दूरसञ्चार क्षेत्रको नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले वर्ल्डलिंक कम्युनिकेसन्सलाई नयाँ अनुमतिपत्र (लाइसेन्स) प्रदान गरेको छ ।

प्राधिकरणले संशोधित दूरसञ्चार नियमावली २०५४ अनुसार बिहीवार वर्ल्डलिंकलाई इन्टरनेट सेवाप्रदायक (आईएसपी) र नेटवर्क सेवाप्रदायक (एनएसपी)को २५ वर्षे नयाँ लाइसेन्स प्रदान गरेको हो ।

प्राधिकरणले ५ वर्षमा नवीकरण गर्नुपर्ने गरी नयाँ सरह वर्ल्डलिंकलाई इजाजतपत्र जारी गरिदिएपछि मोबाइल सेवामा समेत आउन वर्ल्डलिंकलाई केही सहज भएको छ ।

कम्पनीले प्राधिकरणबाट २०५५ चैत १६ गते आईएसपी र २०५६ को साउन १९ गते एनएसपीको लाइसेन्स पाएको थियो ।

दूरसञ्चार ऐन, २०५३ मा दूरसञ्चार सेवाप्रदायक कम्पनीको लाइसेन्स अवधि २५ वर्षको मात्रै हुने व्यवस्था थियो । त्यसैले गत चैत र साउनयता वर्ल्डलिंकले नयाँ लाइसेन्स पाउने वा नवीकरण हुने अन्योल थियो । तर, सरकारले हालै दूरसञ्चार नियमावली २०५४ संशोधन गर्दै २५ वर्ष पूरा गरेका कम्पनीलाई पुनः अनुमतिपत्र दिन सकिने व्यवस्था गरिदिएको थियो ।

प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले वर्ल्डलिंकलाई ५ वर्षका लागि नयाँ लाइसेन्स दिएको बताए । दुवै लाइसेन्स म्याद नाघेको मितिदेखि नै लागू हुने गरी प्रदान गरिएको उनको भनाइ छ ।

### खाता रोक्का ...

प्राधिकरणका अनुसार यी उद्योगहरूबाट ६ अर्ब ४० करोड रुपैयाँ असुली गर्न बाँकी छ ।

मंगलवार विद्युत् नियमन आयोगले उद्योगमा लाइन नकाटी वैकल्पिक उपायमार्फत बक्यौता उठाउन प्राधिकरणलाई निर्देशन दिएको थियो । प्राधिकरण सञ्चालक समितिको बुधवार बसेको बैठकले समेत सोही निर्देशनअनुसार निर्णय गरेपछि प्राधिकरणले उद्योगको बैंक खाता, शेयरको हक हस्तान्तरण र शेयर निष्कासन रोक्न राष्ट्र बैंकसहित सम्बद्ध निकायलाई पत्राचार गरेको थियो ।

'प्राधिकरणले प्रावधान पूरा गरेर आएको छ भने हामीले खाता रोक्काका लागि प्रक्रिया थाल्छौं । तर, विनियमको प्रावधानअनुसार भएन भने हामीले खाता रोक्काको सुविधा दिन सक्दैनौं,' राष्ट्र बैंकका ती अधिकारीले भने, 'भोलि कसैले राष्ट्र बैंकले मेरो खाता रोक्का गर्‍यो भनेर मुद्दा मामिला गर्‍यो भने राष्ट्र बैंकलाई मुद्दा लाग्ने हुन सक्छ । त्यसकारण राष्ट्र बैंकले पनि ऐन प्रदत्त कुरामा मात्रै खाता रोक्का गर्न मिल्छ । कुनै निकायले अनुरोध गर्दैमा मात्र हुँदैन ।'

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका एक उच्च अधिकारीले प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विभिन्न निकायलाई पठाएको पत्र गैरकानूनी भएको दाबी गरे ।

स्रोतका अनुसार घिसिङले मन्त्रालयसँग समन्वय नै नगरी पत्र लेखेकाले त्यो कानूनसम्मत छैन । राष्ट्र बैंकलाई प्राधिकरण कार्यकारीले सीधै पत्र लेख्न नमिल्ने मन्त्रालय स्रोतले बतायो ।

घिसिङ भने राष्ट्र बैंक, विद्युत् नियमन आयोग र धितोपत्र बोर्डमा प्राधिकरणले सीधै पत्र पठाउने गरेको र त्यसका लागि प्राधिकरणले कसैसँग अनुमति लिनु नपर्ने बताउँछन् ।

'हामीले सम्बद्ध निकायलाई गरेको पत्राचारका विषयमा विद्युत् नियमन आयोगलाई पत्रमार्फत जानकारी गराएका छौं । कानूनसम्मत होइन भने नियमन आयोगले भन्छ होला । आयोगकै निर्देशनबमोजिम वैकल्पिक उपाय मार्फत अघि बढ्न यस्तो कदम चालिएको हो । सञ्चालक समितिको बैठकमा समेत यी उपायबारे छलफल भएको थियो,' उनले भने ।

मन्त्रिपरिषद्को निर्णय र विद्युत् नियमन आयोगमार्फत पनि उद्योगमा लाइन नकाट्ने तर महशुल उठाउनू भन्ने निर्देशन भएकाले प्राधिकरणले लाइन नकाटी वैकल्पिक उपायमार्फत महशुल उठाउन पाउने पूर्ण अधिकार भएको वरिष्ठ अधिवक्ता प्राडा गान्धी पण्डितले बताए ।

'प्राधिकरणले महशुल असुल गर्न पाउने र उद्योगीको खाता रोक्काका लागि राष्ट्र बैंकलाई पत्राचार गर्न पाउने कुरामा दुईमत छैन । तर, राष्ट्र बैंकले खाता रोक्का गरिदिने वा नगर्ने उसकै अधिकारको कुरा हो । यदि प्राधिकरण कानूनसम्मत आएको छ भने राष्ट्र बैंकले उद्योगीको खाता रोक्का गर्न सक्नुपर्छ,' पण्डितले आर्थिक अभियानसँग भने ।

## बूढीगण्डकी जलविद्युत् परियोजनाको लगानी स्वीकृत

काठमाडौं । लगानी बोर्डले बूढीगण्डकीलगायत विभिन्न जलविद्युत् परियोजनाको लगानी स्वीकृत गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बिहीवार सिंहदरबारमा सम्पन्न बोर्डको ६० औं बैठकले ३४१ मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् परियोजनाका लागि ७० अर्ब, १०६ मेगावाट क्षमताको जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत् परियोजनाका लागि २३ अर्ब ५९ करोड र २१० मेगावाट क्षमताको चैनपुर सेती परियोजनाका लागि ४७ अर्ब ५४ करोड रुपैयाँ लगानी स्वीकृतिको निर्णय गरेको हो ।

यसैगरी बैठकले ३२७ मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी र सम्राट सिमेन्ट कम्पनी प्रालिको म्याद थप गरेको छ । पश्चिम सेती जलविद्युत् परियोजनाको क्षमता ७५० मेगावाटबाट बढाएर ८०० मेगावाट बनाउने गरी म्याद थप तथा चार किल्ला जडित क्षेत्रको अनुमतिपत्र संशोधनको निर्णय गरेको छ । साथै माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको शेयर परिवर्तन र सम्झौतापत्र संशोधनको निर्णय गरिएको बोर्डले जानकारी दिएको छ । बैठकमा प्रधानमन्त्री ओलीले सम्बन्धित निकायहरूले समन्वयात्मक रूपमा काम गरी मुलुकमा लगानीको उचित वातावरण सृजना गर्न र समृद्धिको यात्रामा तदारुकताका साथ काम गर्न आग्रह गर्नुभएको बताइएको छ । *रासस*

**स्कोप बचत तथा ऋण सहकारी संस्था लि.**
SCOPE Saving and Credit Co-operative Society Ltd.
सौगल–८, ललितपुर । फोन नं. ५४४६२५३

**३१ औं वार्षिक साधारण सभा बस्ने बारे सूचना**

मिति २०८१।०६।१६ मा वसेको यस संस्थाको संचालक समितिको बैठक नं. ३१।१९ को निर्णय अनुसार संस्थाको ३१औं वार्षिक साधारण सभा तपसिल बमोजिमको विषयमा छलफल गर्न उल्लेखित मिति, समय र स्थानमा बस्ने भएकोले उपस्थितिको लागि सदस्य महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछु ।

**तपसिल बिषयहरु**
१) आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत छलफल र अनुमोदन गर्ने ।
२) आ.ब. २०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन गर्ने ।
३) आ.व. २०८१/०८२ को वार्षिक कार्ययोजना तथा बजेट सम्बन्धमा ।
४) आ.ब. २०८०/०८१ को लेखा परिक्षकको प्रतिवेदन, वासलात र आयव्यय विवरण प्रस्तुत, छलफल र अनुमोदन गर्ने ।
५) आ.व. २०८१/०८२ को लागि लेखा परीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने ।
६) लाभांश/प्रतिफल तथा संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
७) नीति/कार्यविधि अद्यावधिक गर्ने ।
८) निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि नियुक्ति गर्ने ।
९) विविध ।

**वार्षिक साधारण सभा हुने :**
**मिति** : **२०८१ मंसिर २९ गते शनिबार**
**समय** : **बिहान १०:०० बजे**
**स्थान** : **अशोक पार्टी प्यालेस, बालिफल, ललितपुर**

उपस्थिति दर्ता पुस्तिका विहान ९:०० बजेदेखि संचालन गरिनेछ ।
सदस्यहरुले परिचय-पत्र अनिवार्य साथमा लिई पाल्नुहोला ।

**संचालक समितिको आज्ञाले**
**आनन्द वीर बज्राचार्य**
**सचिव**

**प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड**
PRABHU CABLE CAR & TOURISM LIMITED
**रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३२, तिनकुने, काठमाडौं ।**
**टेलिफोन नं.: ०१-५९०४९६१, ५९०४९६४**
**इमेल : prabhucablecar@gmail.com**
**वेभसाइटः www.prabhucablecar.com**

**हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला बारेको सूचना**

**तेश्रो पटक सूचना प्रकाशित मितिः २०८१/०८/१४**

यस प्रभु केवलकार एण्ड टुरिजम लिमिटेडको मिति २०८१/०८/११ गतेसम्म कायम साविक संस्थापक शेयरधनीहरुको लागि १:१ (अर्थात विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) को अनुपातमा प्रति शेयर रु १००/- अङ्कित दरको ७०,००,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला यहि **मिति २०८१/०८/२९ गतेदेखि मिति २०८१/१०/०४ गते** (बैकिङ्ग समयसम्म) गरिने हुँदा सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विवरण | स्थान |
|---|---|
| **दरखास्त पाइने र आवेदन बुझाउने स्थान** | प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड<br>का.म.न.पा.-३२, तिनकुने, काठमाडौं |
| **रकम जम्मा गर्ने** | प्रभु केवलकार एण्ड टुरिजम लिमिटेडको<br>प्रभु बैंक कोटेश्वर शाखाको खाता नं. **1150153562100015** |

साथै **"हकप्रद शेयर निष्काशन सम्बन्धी फारम"** निष्काशनकर्ता कम्पनी यस प्रभु केवलकार एण्ड टुरिजम लिमिटेड को वेवसाइट www.prabhucablecar.com बाट डाउनलोड गरी भर्न सकिनेछ ।

**श्रीकृष्ण सेक्यूरिटिज लिमिटेडको**

**२९औ वार्षिक साधारण सभाको सूचना**

**दोश्रो पटक प्रकाशित मिति २०८१।०८।१४ गते**

यस श्रीकृष्ण सेक्यूरिटिज लिमिटेड को मिति २०८१।०८।०५ गते बुधवार बिहानको १० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस लिमिटेडको २९ औं वार्षिक साधारण सभामा देहाय बमोजिम विषयहरुमा छलफल र निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुदाँ शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :-**
**मिति :** २०८१/०८/२८ गते शुक्रबार (१३, डिसेम्बर २०२४)
**समय :** बिहानको १० बजे ।
**स्थान :** कम्पनीको केन्द्रिय कार्यालय, डिल्लीबजार काठमाण्डौ

**प्रस्तावहरु :-**

**क) सामान्य प्रस्तावहरु :-**
१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२) आ.व. २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने ।
३) आ.व.२०८१/०८२ को लागि लेखा परिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप वोनश शेयर वितरण गर्दा लाग्ने कर प्रयोजन समेतका लागि नगद लाभाँस वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु :-**
१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार बोनस शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने र उक्त बोनस शेयर जारी गर्दा हुन आउने शेयरलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने बारे ।
२. प्रस्तावित वोनस शेयर जारी भए पश्चात कम्पनीको जारी पुँजी बृद्धि हुने भएकोले प्रबन्धपत्रको दफा ५ र नियमावलीको नियम ७ (ख) संशोधन गर्न स्वीकृत प्रदान गर्न ।
३) नियमन निकायहरुबाट कुनै थपघट वा संसोधन गर्न निर्देशन भएमा आवश्यक संसोधन तथा परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्न सभाबाट स्वीकृत प्रदान गर्न ।

**ग) विविध :-**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**देवदर्शन बचत तथा ऋण सहकारी संस्थाको**
**सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सुचना**

**यस देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि-५, काठमाडौंको मिति २०८१/०७/३० गते शुक्रबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको सोह्रौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा उल्लेखित प्रस्तावहरू उपर छलफल गरि पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरूको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।**

**साधारण सभा बस्ने मिति, स्थान र समय :**
**मिति** : २०८१ पौष ०६ गते, शनिबार ।
**स्थान** : ग्रिनल्याण्ड ब्याङ्क्वेट, चन्द्रागिरि-७ ।
**समय** : विहान ११:०० बजे ।

**छलफलका विषयहरू:**
१. आ.व. ०८०/०८१ को संचालक समितिको तर्फबाट प्रस्तुत बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. ०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. चालु आ.व. ०८१/०८२ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
४. शेयर लाभांश वितरण गर्ने सम्बन्धमा ।
५. आ.व. ०८०/०८१ मा संचालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने सम्बन्धमा ।
६. संचालक समिति, लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
७. संस्था एकिकरण गर्ने सम्बन्धमा ।
८. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि प्रतिनिधि चयन सम्बन्धमा ।
९. विविध

सचिव
संचालक समितिको आज्ञाले

*(नोटः सदस्यहरुले साधारण सभाको दिन परिचय खुल्ने परिचय पत्र सहित उपस्थित भई बिहान १०:०० बजेबाट हस्ताक्षर गर्न सकिने छ ।)*

**देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
**DEV DARSHAN SAVING & CREDIT CO-OPERATIVE LTD.**
चन्द्रागिरि न.पा.- ५, दाउराडिपो, काठमाडौं फोनः ४३१६११७, ४३१६११८, ४३१६१२५
devdarshansaving@gmail.com devdarshansaccos.coop.np

**लक्ष्य होल्डिङ्स लिमिटेड**
**LAKSHYA HOLDINGS LIMITED**
ललितपुर म.न.पा. वडा नं. १५, सातदोबाटो, ललितपुर, फोन ५४०२७७७
Email: contact@lakshyaholdings.com, URL: www.lakshyaholdings.com

**तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोश्रो पटक प्रकाशित मिति : २०८१/०८/१४**

यस कम्पनीको मिति २०८१/०७/२८ गते बुधबार बसेको सञ्चालक समितिको ४१औं बैठकको निर्णय अनुसार कम्पनीको तेश्रो वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि २०८१/०९/०६ गते शनिबार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**
**मिति** : २०८१ साल पुस ०६ गते, शनिबार (तदनुसार २१ डिसेम्बर २०२४)
**स्थान** :ललितपुर पार्टी प्यालेस, सातदोबाटो, ललितपुर
**समय** : दिउँसो १:०० बजे देखि ।

**छलफल तथा निर्णयका लागि निर्धारित प्रस्तावहरुः**
(१) आ.व. २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
(२) लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३१, २०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु छलफल गरि स्वीकृत गर्ने ।
(३) आ.व. २०८१/०८२ को लागि लेखा परिक्षक नियुक्ति तथा निजको परिश्रमिक निर्धारण गर्ने ।
(४) बिषेश प्रस्तावः- आ.व. २०८०/०८१ को मुनाफाबाट ५ प्रतिशत बोनस शेयर र कर प्रयोजनार्थ ०.२५ प्रतिशत समेत वितरण गर्ने सम्बन्धमा ।
(५) विशेष प्रस्तावः- कम्पनीको ठेगाना परिवर्तन र कार्यकारी अध्यक्षको प्रावधान थप गरी प्रबन्धपत्र र नियामावली संशोधन गर्ने ।
(६) बिषेश प्रस्तावः- कम्पनीको स्वतन्त्र संचालक नियुक्ति गर्ने सम्बन्धमा ।
(७) विविध ।

**कम्पनी सचिव**

**विस्तृत जानकारीको लागि कम्पनीको वेभसाइट हेर्नहुन् अनुरोध गरिएको छ ।**

# लक्ष्य क्यापिटल लिमिटेड
**LAKSHYA CAPITAL LIMITED**

ललितपुर म.न.पा. वडा नं. १५, सातदोबाटो, ललितपुर, फोन ५४०२७७७
Email: contact@lakshyashare.com, URL: www.lakshyashare.com

## तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०८१/०८/१४**

यस कम्पनीको मिति २०८१/०७/२८ गते बुधबार बसेको सञ्चालक समितिको ३३औं बैठकको निर्णय अनुसार कम्पनीको तेश्रो वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि २०८१/०९/०६ गते शनिबार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**

**मिति** : २०८१ साल पुस ०६ गते, शनिबार (तदनुसार २१ डिसेम्बर २०२४)

**स्थान** : ललितपुर पार्टी प्यालेस, सातदोबाटो, ललितपुर

**समय** : बिहान १०:०० बजे देखि ।

**छलफल तथा निर्णयका लागि निर्धारित प्रस्तावहरु:**

(१) आ.व. २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
(२) लेखा परिक्षण प्रतिवेदन सहितको आषाद ३१, २०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु छलफल गरि स्वीकृत गर्ने ।
(३) आ.व. २०८१/०८२ को लागि लेखा परिक्षक नियुक्ति तथा निजको परिश्रमिक निर्धारण गर्ने ।
(४) बिषेश प्रस्तावः- आर्थिक वर्ष २०८०/०८१ को मुनाफाबाट ३ प्रतिशत बोनस शेयर र कर प्रयोजनार्थ ०.१५ प्रतिशत समेत वितरण गर्ने सम्बन्धमा ।
(५) बिषेश प्रस्तावः- कम्पनीको उद्देश्य थप र ठेगाना परिवर्तन गरी प्रबन्धपत्र र नियमावलीपत्र संशोधन गर्ने सम्बन्धमा ।
(६) बिषेश प्रस्तावः- कम्पनीको स्वतन्त्र संचालक नियुक्ति गर्ने सम्बन्धमा ।
(७) विविध ।

**कम्पनी सचिव**

**विस्तृत जानकारीको लागि कम्पनीको वेभसाइट हेर्नहुन् अनुरोध गरिएको छ ।**

# ४ महीनामा निर्जीवन बीमा कम्पनीहरूको कुल व्यापार १४ अर्बभन्दा बढी

| निर्जीवन बीमा कम्पनीको नाम | कात्तिक मसान्तसम्मको कुल बीमा शुल्क आर्जन रू. लाखमा |
|---|---|
| सगरमाथा लुम्बिनी | १७,७६७.९३ |
| सिद्धार्थ प्रिमियर | १४,६२६.७३ |
| शिखर | १४,१०३.०१ |
| नेको | ११,५२७.४५ |
| हिमालयन एभरेष्ट | ११,४९८.७३ |
| आइजीआई प्रुडेन्सियल | ११,३४९.१६ |
| एनएलजी | ९,४१९.४५ |
| दि ओरियण्टल | ९,२८६.७२ |
| यूनाइटेड अजोड | ८,४०१.८४ |
| नेपाल | ७,८६८.७६ |
| सानिमा जिआईसी | ७,७९३.३८ |
| प्रभु | ६,२७५.३१ |
| राष्ट्रिय बीमा | ६,१४९.९१ |
| नेशनल | ४,९०३.९३ |
| कुल | १४०,९७२.३२ |

स्रोत : नेपाल बीमा प्राधिकरण

काठमाडौं (अस) । आर्थिक वर्ष (आव) २०८१/८२ को कात्तिक महीनासम्ममा निर्जीवन बीमा कम्पनीहरूले कुल रू. १४ अर्ब बढी कुल बीमा शुल्क आर्जन गरेका छन् । नेपाल बीमा प्राधिकरणको तथ्यांकअनुसार निर्जीवन बीमा कम्पनीहरूले ८ लाख ९७ हजार २३५ बीमालेख विक्री गरी कुल रू. १४ अर्ब ९ करोड ७२ लाख बीमा शुल्क संकलन गरेका छन् ।

कम्पनीहरूमध्ये सबैभन्दा अगाडि सगरमाथा लुम्बिनी इन्स्योरेन्स रहेको छ। कम्पनीले कात्तिक मसान्तसम्ममा रू. १ अर्ब ७७ करोडभन्दा बढी कुल बीमा शुल्क आर्जन गरेको छ । कम्पनीले ९१ हजार ७७३ बीमालेख विक्री गरेर उक्त बीमा शुल्क आर्जन गरेको हो ।

त्यस्तै, दोस्रोमा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनीले रू. १ अर्ब ४६ करोड बीमा शुल्क आर्जन गरेको छ । तेस्रोमा शिखर इन्स्योरेन्सले रू. १ अर्ब ४१ करोड बीमा शुल्क आर्जन गरेको छ ।

# सिद्धार्थ इक्विटी फण्डको नाफा रू. २६ करोड ६७ लाख

काठमाडौं (अस) । सिद्धार्थ म्युचुअल फण्ड अन्तर्गत सञ्चालित सिद्धार्थ इक्विटी फण्डले कात्तिक मसान्तको खुद सम्पत्ति मूल्य विवरण सार्वजनिक गरेको छ । उक्त वित्तीय विवरणअनुसार फण्डले कात्तिक मसान्तमा रू. २६ करोड ६७ लाख नाफा कमाएको छ । यो नाफा असोज मसान्तको तुलनामा २ दशमलव ७१ प्रतिशत कम हो । सो अवधिमा फण्डले रू. २७ करोड ४२ लाख नाफा कमाएको थियो । कात्तिक मसान्तमा फण्डको आम्दानी घटेकाले र खर्चमा वृद्धि भएकाले नाफा घटेको हो ।

असोज मसान्तमा फण्डको कुल खर्च रू. ८४ लाख ९४ हजार रहेकोमा कात्तिक मसान्तमा बढेर रू. १ करोड ११ लाखभन्दा बढी पुगेको छ । त्यस्तै, फण्डको कुल आम्दानी भने असोज मसान्तमा रू. २८ करोड २७ लाख रहेकोमा कात्तिक मसान्तमा घटेर रू. २७ करोड ७८ लाखमा सीमित भएको छ ।

नाफासँगै फण्डको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) पनि घटेको छ । असोज मसान्तमा फण्डको न्याभ १२ रुपैयाँ ११ पैसा रहेकोमा कात्तिक मसान्तमा १२ रुपैयाँ ०६ पैसामा सीमित भएको छ ।

त्यस्तै, फण्डको कात्तिक मसान्तसम्ममा सूचीकृत शेयरमा रू. १ अर्ब ४६ करोडभन्दा बढी लगानी रहेको छ । यो लगानी असोज मसान्तसम्ममा भने रू. १ अर्ब ५१ करोडभन्दा बढी थियो ।

## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०८/१४ गते आर्थिक अभियान दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

**तपसिल**

### बेलबारी, मोरङ शाखा

**१. ऋणीको विवरण**

**हेमन्त गौतम**
ना.प्र.नं. ६५७४/९१,
जारी मिति २०४६/०३/१४, जिल्ला प्रशासन कार्यालय मोरङ्ग
बाजेको नाम : जय धर्म गौतम
बाबुको नाम :सूर्य प्रसाद गौतम
पत्नीको नाम : कल्पना गौतम
स्थाई ठेगाना : मोरङ्ग जिल्ला, बेलबारी गा.वि.स., वडा नं. ०९
हालको ठेगाना : मोरङ्ग जिल्ला, बेलबारी न.पा., वडा नं. ०३

**धितो सुरक्षणको विवरण**

१. **कल्पना गौतम**को नाममा मालपोत कार्यालय, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कसेनी गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ८२९ र ८३१ को क्षे.फ. क्रमश: ५१६४.२५ र १०५८.२५ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **कल्पना गौतम**
ना.प्र.नं.- १५६९१
जारी मिति - २०५१/०८/२९, जि.प्र.का. मोरङ्ग
बाबु - देवी प्रसाद घिमिरे
बाजे - कुल प्रसाद घिमिरे
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, बेलबारी गा.वि.स., वडा नं. ०३
हालको ठेगाना- मोरङ्ग जिल्ला, बेलबारी न.पा., वडा नं. ०३

### लालदरबार शाखा

**१. ऋणीको विवरण**

**शिब कुमार सिटौला**
ना.प्र.नं. २५३०३४/४३६९
जारी मिति २०६३/११/२९, जिल्ला प्रशासन कार्यालय नुवाकोट
बाजेको नाम : केशर बहादुर सिटौला
बाबुको नाम :राम कृष्ण सिटौला
स्थायी ठेगाना : नुवाकोट जिल्ला, कविलास गा.पा./न.पा., वडा नं. ०६

**धितो सुरक्षणको विवरण**

१. धनी कुमारी बैक लि. र ऋणी **शिब कुमार सिटौला** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम भएको ईन्जिन नं. 497SPTC43DRY621985, च्यासिस नं. MAT446510J9D04069, सावारी नं. ना. १ ज. ८८१२, को TATA SUMO गाडी थान १ ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **बबिता कोइराला**
ना.प्र.नं.- २५३०५६/१८
जारी मिति - २०७०/०१/३०, जि.प्र.का. नुवाकोट
बाबु - भोजराज कोइराला
बाजे - लोकनाथ कोइराला
पति - शिब कुमार सिटौला
स्थायी ठेगाना- नुवाकोट जिल्ला, कविलास गा.पा./न.पा., वडा नं. ०६

२. **श्री सुरेश कार्की**
ना.प्र.नं.- ३६३
जारी मिति - २०४५/०१/०९, जि.प्र.का. मोरङ्ग
बाबु - मदन बहादुर कार्की
बाजे - तिलबिर कार्की
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, होक्लाबारी गा.बि.स./न.पा. वडा नं. २

३. **श्री अनन्त केशर सिंह**
ना.प्र.नं.- ३३२६
जारी मिति - २०४५/०६/१७, जि.प्र.का. काठमाण्डौ
बाबु - भरत केशर सिंह
बाजे - धर्म बहादुर सिंह
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. १६, कालधारा

**संस्थागत जमानीकर्ताको विवरण**

१. नेपाल सरकार, उधोग, बाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिस्टार को कार्यालयमा कम्पनी ऐन २०६३ अन्तर्गत मिति २०६८/०४/१२ मा दर्ता.नं. ८४९६५/०६८/६९ मा दर्ता भई करदता सेवा कार्यालय पुतलिसडक, काठमाण्डौ बाट मिति २०६८/०४/१६ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००२४८६२४ को प्रमाणपत्र प्राप्त काठमाण्डौ जिल्ला, काठमाण्डौ म. न .पा. वडा नं. ३१, पुतलिसडकमा रजिष्टर्ड कार्यालय रहेको **उग्रतारा इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.**

**२. ऋणीको विवरण**

**श्री अनिल प्रधान**
ना.प्र.नं. ०९-०१-६९-०१२२५
